Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- २१ २०८१ साल पुस २३ गते मंगलबार (Jan 7, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## लेखा समिति सभापतिका स्वकीय सचिवविरुद्ध ठगी आरोप, पदबाट निष्कासन



काठमाडौं- सार्वजनिक लेखा समितिका सभापति एवम् नेकपा एमालेका नेता ऋषिकेश पोखरेलका स्वकीय अनिल कुमार पोखरेलविरुद्ध ठगी आरोप लागेको छ ।

यो विषय सार्वजनिक भएपछि सभापति पोखरेलले अनिललाई स्वकीय सचिवको जिम्मेवारीबाट निष्कासन गरेका छन् ।

एमबीबीएसको प्रवेश परीक्षामा नाम निकालिदिने भन्दै मोरङको रंगेली नगरपालिका २ बस्ने अनिलले सप्तरीका बौआलाल चौधरीबाट ३८ लाख रुपैयाँ लिएको आरोप छ ।

अनिलविरुद्ध प्रहरीले उजुरी लिन नमानेको भन्दै चौधरीले उच्च अदालत विराटनगरमा २०७९ सालमा मुद्दा दर्ता गराएका थिए । उनीविरुद्ध उजुरी दर्ता गरी अनुसन्धान गर्न उच्च अदालतले मोरङ प्रहरीलाई परमादेश दिएपछि सभापति पोखरेलले अनिललाई स्वकीय सचिव पदबाट हटाएका हुन् ।

सभापति पोखरेलले संघीय संसदको महासचिवलाई पत्र लेख्दै अनिललाई स्वकीय सचिव पदबाट निष्कासन गरेको जानकारी गराएका छन् ।

» बाकी ६ पृष्ठमा

# नेपालको मल कारखाना कहिले खुल्छ सरकार ?

■ मोहन कार्की



काठमाडौं- नेपालमा मल कारखाना स्थापना गर्ने भनेर भाषाण गरेको अध्ययन गर्न समिति बनाएका खबर नेपालीहरुले सुनेको दशकौ भईसक्यो तर अहिलेसम्म नेपालमा रासायनिक मल कारखाना स्थापनाको काम दिगो ढंगवाट अगाडी बढ्न सकेको छैन ।

नेपाल देश कृषि प्रधान देश भनेर चिनाउदै आएको नेपाल सरकारले आफ्नै देशमा एउटा मल कारखाना समेत स्थापना गर्न सकेको छैन । वर्षेनी नेपालका किसानहरुले मूख्य वाली धान रोप्ने वेलामा र रोपिसकेपनि मल हाल्ने सिजनमा जहिले मलको अभाव हुने गरेको छ । सरकारले मललाई अनुदानमा ल्याउन प्रत्येक वर्ष अरबौ रुपैया छुट्याउने गरेको छ । यसरी अरबौ रुपैया रासायनिक मल अनुदानको लागि छुट्याउदा पनि किसाले समयमा मल पाउदैनन् । किनकी नेपालमा आईपुग्न बदरगाह हुदै कहिलेकाही बाटोमा नै ढिलो हुने जस्ता समस्या कृषि सामग्री कम्पनी लि. ले बताउने गरेको छ ।

यस्ता सयौ वर्ष अगाडी देखिको समस्या सावधान गर्न डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको वेलादेखि रासायनिक मल कारखाना स्थपना गर्ने विषय उठ्दै आएको छ । तर मल कारखाना स्थापन गर्ने विषयमा पछिल्ला सरकारमा बसेर काम गर्ने हरुले दिगो योजना पेश गरेका छैनन् ।

पछिल्ला सरकारले वार्षिक बजेटमा चै मल स्थापना गर्ने भनेर उल्लेख गर्ने गरेको छ । तर व्यवहारमा लागु गर्न सकेको छैन । कृषि प्रधान देशमा एउटा रासायनिक मल कारखाना स्थापना गर्न नसक्नु भनेको अन्तराष्ट्रियस्तरमा नै लज्जित हुनु हो । यस्तो लज्जित हुने काम परिवर्तनकारी सरकारले गरिरहेको छ ।

सरकारले यस विषयका किन बिलम्ब गरिरहेको हो । नेपाली नागरिकहरुको एउटै आवाज छ । मल कारखाना कहिले खुल्छ सरकार ?

## सानैदेखि चित्रकलामा रुचि राख्ने दैलेखका नमराज

■ बिनोद नेपाली



काठमाडौं- दैलेख जिल्ला, आठबिस नगरपालिकाको वडा नं. ६ रोल स्थित श्री गणेश माविमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय नमराज बि.क.ले आफ्नो सृजनशीलताले सबैलाई प्रेरित गरेका छन् । आर्थिक अभावका बिच हुर्किएका नमराजले माटोबाट भगवानका मूर्तिहरू तयार पारेका छन् ।

सानैदेखि चित्रकलामा रुचि राख्ने नमराजले विद्यालयको समय बाहेक बचेको समय माटो सङ्कलन गरेर घरमै विभिन्न मूर्तिहरू बनाउने गरेका छन् । उनले देखाएको सृजनशीलता सबैका लागि उदाहरणीय बनेको छ । नमराज भन्छन्, “यदि मलाई आवश्यक सामग्री उपलब्ध भएको भए, म अझ धेरै उत्कृष्ट कला सिर्जना गर्न सक्छु ।”

उनी अहिले काठको गाडी बनाउन प्रयास गरिरहेका छन् । सोलार ब्याट्रीको सहायताले चल्न सक्ने गाडी बनाउने योजना बनाएका उनी भोलिका दिनमा इन्जिनियर बन्ने सपना बुनिरहेका छन् । नमराजको यो सपना पूरा गर्न उनका साथीभाइ, शिक्षक, र स्थानियवासीहरूले पनि प्रशंसा गर्दै सहयोगको प्रतिबद्धता जनाएका छन् ।

उनको मेहनत र लगनशीलतालाई सबैले सम्मान गरिरहेका छन् । माटोका मूर्तिहरू र काठका गाडी बनाउने सीपले उनलाई अझ सशक्त बनाउनेछ भन्ने विश्वास गरिएको छ ।

## कर्णाली प्रदेश सभा बैठक माघ ७ गते

काठमाडौं- माघ ७ गते कर्णाली प्रदेश सभाको बैठक बोलाउन प्रदेश प्रमुखसमक्ष सिफारिस गरिएको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले माघ ७ गते प्रदेश सभा बैठक बोलाउन प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको हो ।


कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको पाँचौँ अधिवेशन आगामी ७ माघमा आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता समेत रहेका भूमि व्यवस्था कृर्षी तथा सहकारी मन्त्री बिनोद कुमार शाहले जानकारी दिए ।

यसअघि प्रदेश सभाको चौथो अधिवेशन असोज १५ गते स्थगित गरिएको थियो ।

प्रदेश सभाको हिउँदे अधिवेशन समयमै सञ्चालन हुँन नसक्दा महत्त्वपूर्ण विधेयकहरू अगाडि बढ्न सकेका छैनन् ।

प्रदेश सभाका चार वटा संसदीय समितिमध्ये तीन वटा समिति विगत ६ महिनादेखि नेतृत्वविहीन छन् ।

प्रवक्ता शाहका अनुसार शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले कर्णालीको दोस्रो आवधिक योजना पनि स्वीकृत गरेको छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २१, २०८१ साल पुस २३ गते मंगलबार (Jan 7, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - -

### नेपालका देशभक्तहरू एकजुट हुनुपर्छ ।

*यतिवेळा नेपाळको साशन व्यावस्था ठिक भएन । साशन व्यावस्था ठिक भएपनि व्यवस्था सचाळन गर्ने व्याक्तिहरू टिक भएनन् भन्ने चौतर्फी आवाज उठेको छ । नेपाळमा प्रजातन्त्र, गणतन्त्र, के के तन्त्रमा आएका परिवर्तनको नाममा जनताळे परनिर्भर हुनुपर्ने र देशळे सधै केही न केही गुमाउनुपर्ने बाध्यताहरू आएको देखिन्छ ।*

*२००७ साळमा आएको प्रजातन्त्र पछि नेपाळले २०११ साळमा कोशी सम्झौता, २०१६ साळका गण्डक सम्झौता गरी नेपाळको सर्वभौमसत्ता अर्थात जळस्रोत माथिको अधिकार गुमाएको थियो । २०४६ साळको परिवर्तन भनिएको व्यवस्था स्थापना पछि माहाकाळी सम्झौता त्यस्तै असमान खाळका व्यापारिक सम्झौताहरू गर्दै नेपाळळे परिवर्तनको नाममा गुमाउदै मात्रै आएको छ ।*

*नेपाळका उद्योग कळकारखाना नीजिकरणको नाममा सिमित भारतीय मुळका व्यापारीहरूळे नीतिकरणमा भाग लिएर नेपाळका उद्योग, कळकारखाना बन्द गराई नेपाळीळाई रोगजार विहिन बनाएर विदेशमा काम गर्न जान बाध्य पारिएको छ ।*

*यस्ता अनेकौ समस्यावाट गुज्रीरहेको नेपाळळाई जोगाउन र व्यवस्थापन गर्न देशभक्त नेपाळळाई माया गर्ने नेपाळीहरू एकजुट भएर नयाँ थिति, विधिको विकास गरेर आफ्नो देशळाई विकासको गतिमा राम्रो मतिमा लैजान सवै युवा पीढि, के युवा के बुढा सवै परिवर्तनका पक्षधरहरू मिळेर देशको बिग्रदै गएको परनिर्भर हुदै गएको देशळाई आत्मनिर्भर बनाउन, चरम विकास गरी नेपाळीळाई नेपाळ देशभित्रै नै काम गरी खाने सम्भावना देश बनाउन सवै एकजुट हुनैपर्ने टड्कारो आवश्यकता भएको छ ।*

*यो आवश्यक्ता पुर्ति गर्न वर्तमान अवस्थामा देशको असळ शासनको ळागि जन समर्थन पाएका ळोकप्रीय काठमाडौ महानगरपाळिका मेयर बाळेन्द्र शाह, धनगढी उप-माहानगरपाळिकाका गोपी हमाळ, धरान उप-महानगरपाळिकाका मेयर हर्क साङपाङ राई, काळीकोटवाट सांसद बनेका ज्ञानेन्द्र शाही, चितवनको जनताको माया धेरै पाएका रास्वपाका रवि ळामिछाने ळगायतका शक्तिहरू एकठाउमा गोळबद्ध हुने र राष्ट्रवादी धारका टुक्रा टुक्रामा विभाजित शक्तिहरू एकठाउमा आई राष्ट्रको बिग्रदै गएको भबिष्यळाई सुधार गरी नेपाळको उज्वळ भविष्य निर्माण गर्न जरूरी भएको छ । देशका राष्ट्रवादी शक्तिहरू एकजुट नभई देशको बिग्रदो अवस्था सुध्रने देखिदैन । त्यसैळे सवै देशभक्त राष्ट्रवादी शक्तिहरू एकजुट होऔं ।*

# विगतका अर्थतन्त्र र व्यापार अवस्था



डा. सुमनकुमार रेग्मी

*नेपाळमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूळक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारळे त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनळाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ। जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगळाई विशेष अनुदान दिन नीति बनाउन आवश्यक छ।*

कोरोना-१९ पछि र भुइँचालोको अवस्थाबाट अद्यपि अर्थतन्त्र पूर्ववत् अवस्थामा कमै फर्किंदै जाँदै छ । उक्त अवधिका बन्दाबन्दीका कारण देशमा खाद्यान्न, स्वास्थ्य, पानी एवं हल्का कृषिबाहेकका ७० प्रतिशत उद्योगहरु आंशिकरुपमा त्यसपछि पनि ठप्प भएका देखिन्थे । व्यापार घाटा उच्च, आयात-निर्यातमा ठूलो अन्तर रहँदै आएको छ ।

उद्योगक्षेत्र संकुचन हुँदै आएको छ । यो अवस्था सन् २०२३ सम्म कायम हुने ठूला देशले पनि आँकलन गरेका थिए । आन्तरिक उत्पादनमा कमी हुँदै आएकाले २०८१/८२ आउँदासमेत यस्तो कमी जारी नै हुने देखिएको छ । आउँदा वर्षका बजेट र कार्यक्रमले दिगो खालका निकासी वस्तु निर्यात गरेर व्यापार घाटा कम गर्ने प्रयास गर्दै जान आवश्यक छ ।

निर्यात प्रवर्द्धनका लागि हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गरी बृहत् उत्पादन गर्न आवश्यक छ । तर ७५३ नै स्थानीय तहमा पालिकास्तरीय औद्योगिक ग्राम स्थापना गरी औद्योगिक उत्पादन बृहत्रुपमा गर्न खाँचो भइसकेको छ । चीनको सेज र जापानको ओभीओपीजस्तो औद्योगिकीकरण प्रयास संसार प्रसिद्ध छ । दूरगामी सोच नभएर उत्पादन र ब्रान्डिङ गर्न नसक्दा दिगो निकासी प्रवर्द्धनको प्रयास विफल हुन्छ । ओभीओपीको धारणा देशमा २०६३/६४ मा शुरु भएको थियो । यसले ४३ जिल्ला ओगट्न सक्छ । बैंक तथा वित्तीय संस्थाले ध्यान दिने हो भने, उत्पादन लागत कम गर्ने हो भने, गुणस्तरीय उत्पादन र सरल तरिकाले सुपथ मूल्यमा सामान उपलब्ध गर्ने हो भने, आन्तरिक बजेटको साथै निकासीमा समेत सकारात्मक प्रभाव पर्न सक्छ ।

आव २०७८/७९ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १५ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । त्यस्तै आव २०७९/८० मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । तर आव २०८०/८१ मा व्यापार घाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ ।

नेपालमा भन्सारमा प्रयोग हुने उपभोग्य वस्तुदेखि महँगा सवारीसाधन, इन्धनलगायत अधिकांश वस्तुको आयात गर्नुपर्ने अवस्थाका कारण देशको व्यापार जहिले पनि घाटामा रहने गरेको छ । सरकारले सहजकर्ता, प्रेरणादायक र नियामकको भूमिका निभाउँदै निजी क्षेत्रको सहभागिताको अपेक्षा गरेको छ । नेपालको वैदेशिक व्यापारलाई विचार गर्दा भान्सामा प्रयोग हुने सामानदेखि औषधि, सवारी सामान, इन्धन आदि आयात भएका छन् । यसैले सधैं व्यापार घाटा हुने गरेको थियो । कृषिप्रधान देशमा रु. २ खर्ब ५० करोडको खद्यान्न आयात हुनु हीनताबोध भएको छ । व्यापार घाटा सबभन्दा बढी भारतसँग भएको छ । भारतबाट १२ खर्बभन्दा बढी सामान आयात हुँदा केवल ५५ अर्ब २२ करोड बराबरको सामान मात्र भारततर्फ निर्यात भएको छ । १० खर्ब ४४ अर्ब ९३ करोडभन्दा बढीको व्यापार घाटा भारतसँग रहेको छ ।

विभिन्न नीतिगत तथा संरचनागत सुधारपश्चात् नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात कम भई हरवर्ष व्यापार घाटा बढ्दै गएको र यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूलता भएको छ । देशको निकासी नीतिमा देखिएका कमजोरीले निकासी व्यापारमा ह्रास आएको छ । निकासी व्यापारलाई अर्थतन्त्रमा ठूलो महत्वले हेरिनुपर्दछ । तर अद्यावधिक उचित नीति-नियमको अभावमा निकासी व्यापारमा विस्तार हुन सकेको छैन । निकासी प्रवर्द्धनका अल्पकालीन र दीर्घकालीन कार्यक्रम ल्याइनुपर्दछ ।

राम्रोसँग स्थापित केही निकासीकर्तालाई बाहेक अरुलाई माल चलानीपश्चात् मात्र निकासी कर्जा दिइने व्यवस्था गरिएको छ । नेपालमा निकासी विस्तारका लागि अत्यावश्यकरुपमा पूर्व सामान चलानी र सामान चलानीपश्चात्का निकासी कर्जा आवश्यक देखिन्छ । धेरैजसो निकासीकर्ताका निकायहरु र नेपाली निकासी उद्यमी कम्पनीले व्यापार अभिवृद्धि गर्न अझ क्षमतावान् बन्न नसकेको कारणले निकासी वातावरण बन्न सकेको छैन । भौगोलिक अवस्थिति, भारतसँगको खुल्ला सिमाना र नेपाल-भारत व्यापार सम्बन्धका कारणले व्यापार अभिवृद्धि हुन सकेको छैन ।

वाणिज्य नीति २०७२ ले १२ वटा वस्तुमध्ये सम्भावनायुक्त वस्तुहरुका सूचीमा जडीबुटी तथा सारयुक्त तेललाई पनि समावेश गरेको छ । यस नीतिमा निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुहरुको संकलन एवं प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न, प्रशोधन केन्द्रहरु स्थापना गर्न सहयोग पुऱ्याउने, गुणस्तर प्रमाणीकरणसम्बन्धी मौजुदा प्रयोगशालाहरुको सुदृढीकरण तथा एक्रिडिटेसन गर्दै जाने, आवश्यकताअनुसार बहुउदेश्यीय प्रयोगशालाको स्थापना गरिने, कृषि तथा वन पैदावारलगायतका व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने र विविधताको अवसरलाई उपयोग गरी निर्यातजन्य वस्तुहरुको उत्पादन तथा प्रशोधन बाह्य मागबमोजिमको बनाउन संवेष्ठन, लेबलिङ, भण्डारण, प्रमाणीकरणमा सहयोग पुऱ्याउने, निर्यात प्रवर्द्धनको लागि असल कृषि अभ्यास र प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न समन्वय गर्ने कुरामा जोड दिइएको देखिन्छ ।

नयाँ एनटीआईएस सन् २०२३ अर्थात् वि.सं. २०७३ सहित रणनीति र २०७३ व्यापार नीतिका प्रावधान कार्यान्वयन गने सन्दर्भमा जर्मन संस्था जीआईजेडबाट डब्ल्यूटीओ प्रतिबद्धताप्रति र अमेरिकी सहयोग संस्थाबाट एकीकृत रणनीतिको कार्यान्वयनका लागि सहयोगका विभिन्न कार्यक्रमहरु शुरु भइसकेका छन् । डीएफआईडी र ईसीले एनआईटीएस २०२३ र २०७३ सालको रणनीति कार्यान्वयनका लागि सहयोग गर्ने व्यक्त गरिएका छन् । दीर्घकालीनरुपमा नेपालको व्यापारको लागि सहायता परिचालनका लागि क्षेत्रगत अवधारण कार्यान्वयनमा छ ।

सरकारले सहजकर्ता, उत्प्रेरक र नियामकको भूमिका बहन गर्दै निजी क्षेत्रको ठोस सहभागिता बढाउने र विश्वबजारमा मागअनुरुपका तुलनात्मक लाभ र योग्य वस्तुको पहिचान, छनौट, विकास, प्रवर्द्धन र निर्यातका लागि निजी क्षेत्रसँग समन्वय गर्नेलगायतका रणनीति लिई व्यापार घाटा कम गर्ने ध्येय अंगाले पनि कार्यान्वयन भएको देखिँदैन । व्यवसायी र उद्यागीमा शरण पर्ने समस्याले निकासीमा समस्या पर्न गएको छ ।

**समस्या तथा सुझाव** :

हरेक वर्ष उत्पादन बढ्न नसक्नु, माग र आपूर्तिबीच बढ्दो असन्तुलन, उत्पादन र वितरणबीचको अन्तरविरोधले आर्थिक क्रियाकलाप सन्तोषजनक हुन सकेको देखिँदैन । साथै राजनीतिक अस्थिरता, परम्परागत उत्पादन प्रणाली, भूकम्पका असर, कोराना भाइरसका कारण र संविधान २०७२ आएपछि पनि आपूर्ति व्यवस्थामा भएका अवरोधलगायतका कारण आर्थिक विकासको गति द्रुत गतिमा जान सकेको छैन ।

राष्ट्रिय रेमिट्यान्स नीति तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । दिगो विकास लक्ष्य एसडीजी प्राप्तिमा निजी क्षेत्रलाई सहभागी गराउन आवश्यक छ । २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ५ प्रतिशतमा झरेको थियो । तर निजी क्षेत्रको योगदान जीडीपीको १४ प्रतिशतसम्म पुगेको थियो । २०८१/८२ को पहिलो तीन महिनामा रेमिट्यान्स अहिलेसम्मको उच्च भनिएको छ ।

नेपालमा जलविद्युत्, कृषि, पर्यटन, पूर्वाधारलगायतका क्षेत्रमा लगानीको सम्भावना उल्लेखनीय रहेको हुँदा ती क्षेत्रमा भारतलगायतका लगानीकर्तालाई आकर्षित गर्नुपर्ने बताइन्छ । भारत नेपालको ठूलो व्यापारिक र विकासे साझेदार भएकाले नेपालको जलविद्युत्, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न निजी क्षेत्रको साथ लिन आवश्यक छ, । नेपालमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ ।

जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउन आवश्यक छ । निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुशरण गरिएको भए तापनि व्यापार घाटाको उच्च वृद्धिदर तथा निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि सम्भाव्यता तत्कालका लागि कमजोर नै देखिन्छ । सरकारी तहमा पुँजी निर्माणको कमजोर स्तरका कारण औद्योगिक क्षेत्रमा ठूलो निजी पुँजी आकर्षित गरी निर्यात बढाउन सकिने सम्भावना पनि कम रहेकाले आन्तरिक मागमा आधारित आर्थिक वृद्धि मोडेलमार्फत उच्च आर्थिक वृद्धि गर्न सकिने सम्भावना आँकलन गर्न सकिन्छ ।

***(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुनुहुन्छ ।)***

# हुम्ला जिल्ला माजा युवा क्लबद्वारा खुल्ला फुटसल प्रतियोगिता सम्पन्न



**काठमाडौं–** पौष १४ र १५ गते काठमाडौंको आकाशेधारा कुपन फुटसल मैदानमा हुम्ला जिल्ला, खार्पुनाथ माजा युवा क्लबद्वारा आयोजित खुल्ला फुटसल प्रतियोगितामा लाल्टिन टोलि बिजेता सहित भव्यतासाथ सम्पन्न भएको छ।

प्रतियोगितामा सभापतित्व सतल रोकाया, प्रमुख अतिथि सुरेन्द्र शाहि बिशिष्ट अतिथिति संस्थापक अध्यक्ष दिपक रोकाया, अन्जन शाही र विशाल जङ्ग शाहिको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको संचालन दिपेन्द्र रोकायाले गरेका थिए त्यस्तै क्लबका संस्थापक सदस्य प्रेम रोकाया, माजा ँ.अ का अबउतबष्ल पदम रोकाया, दिपक सुनुवारहर लगायत आयोजना टिमको निकै महत्त्वपूर्ण भूमिका देखिएको छ। प्रतियोगितामा विजेता टोलीको रूपमा नेविसंघ नेता विशालजङ्ग शाहीको नेतृत्वमा रहेको "लाल्टिन टोली" चयन भएको छ, भने उपविजेता "साइरिङ्ग" टोली रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथिको रूपमा उपस्थित सुरेन्द्र शाहीले माजा युवा क्लबलाई सधैं साथ र सहयोग दिने कुरा व्यक्त गर्दै, युवापङ्क्तिको जोश र जागरलाई निकै उत्साहित भएको बताए।

कार्यक्रमको समापनमा सभापति सतल रोकायाले प्रतियोगिता कुनै झगडा नभइ भव्यताको साथ सम्पन्न भएकोमा खुशी व्यक्त गरे। साथै, क्लबका विभिन्न सहयोगी व्यक्तिहरूलाई धन्यवाद प्रकट गर्दै आगामी दिनमा अझै सफल कार्यक्रमहरूको आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रमलाई सफल बनाउन सुरुदेखि अन्तिम सम्म साथ सहयोग गर्दै कार्यक्रम झगडा रहितको रुपमा भुमिका खेल्दै आएका नेविसंघ युवा नेता विशाल जङ्ग शाहीलाई विशेष धन्यवाद दिदै , प्रमुख व्यक्तिहरूमा खार्पुनाथ गाउँपालिकाका प्रमुख प्रशासनिक अधिकृत विष्णु बहादुर शाहि, स्वकीय सचिव एवम् युवा नेता राज बहादुर रोकाया, पार्टी पूर्व सभापति एवम् वरिष्ठ नेता जयपति रोकाया, बुर्द एयरलाइन्सका म्यानेजर र युवा समाजसेवी सागर शाहि, कर्ण चिया कार्यलयका प्रमुख अन्जन शाही , शिवराज शाही , धर्मराज शाही, सोबि इन्टरनेशनल एजुकेशन प्राइभेट लिमिटेडका म्यानेजमेन्ट डिरेक्टर सुरेन्द्र शाहि, फुटबल प्रेमी युवा समाजसेवी हिमाल शाहि, पशु सेवा शाखाका सचिवलय जिवन जेठरा, हुड्री कलेज इकाइ अध्यक्ष मङ्गल फडेरा, नेपाल आर्मी सिपाही गोबिन्द सुनार, सचिवालय सदस्य कमल जङ्ग शाही, अदानचुलि गाउँपालिका प्रमुख जिवन बुढा, सिता म.वि.का प्रधानाध्यापक जुनराज हमाल, नेविसंघका केन्द्रीय सदस्य खेम खड्का, खार्पुनाथ स्वास्थ प्रमुख बलिराज शाही लगायत सम्पूर्ण सहयोगी व्यक्तिहरूको विशेष धन्यवाद व्यक्त गरिएको छ।

अन्तिममा, बोल्दै उपस्थित सम्पुर्ण व्यक्तिहरुलाई धन्यवाद दिदै, आयोजक टिममा खटिएका सम्पुर्ण पत्रकार , सुरक्षा कर्मी हरुको महत्त्वपूर्ण योगदान दिने टिमलाई पनि हृदयदेखि धन्यवाद दिइएको छ र आगामी दिनमा अझ बढी सफल कार्यक्रमहरूको अपेक्षा गरिएको छ।

# नेपाल राष्ट्रिय व्यवसायी महासंघको पत्रकार सम्मेलन कार्यक्रमको कार्यपत्र

**काठमाडौं–** नेपाल राष्ट्रिय व्यवसायी महासंघ २०७४ सालमा विभिन्न बस्तुगत तथा क्षेत्रगत १९ वटा व्यवसायी संघहरुको संलग्नतामा बनेको महासंघ हो। उल्लेखित व्यवसायी संघहरुको आवश्यकता र समस्यालाई ध्यानमा राखेर संघहरुको पहल र प्रयासमा नै यो महासंघको जन्म भएको हो। साना तथा मझौला व्यवसायीहरु प्रती अर्थमन्त्रालय तथा सम्बन्धीत सरकारी निकायहरुको दृष्टिकोण त्यती सकरात्मक नभएको र प्रत्यक्ष पहुच समेत नरहने गरेकोले यस क्षेत्रको आवाज र आह्वानलाइ राज्य स्तरसम्म परयाउने र सम्बन्धीत निकायलाई समस्या समाधानका लागि झक्झक्याउने एवं दवाब सिर्जना गर्ने गराउने नै यस महासंघको निति तथा कार्यक्रम रहेको छ।

यस नेपाल राष्ट्रिय व्यवसायी महासंघले आफ्नो तेस्रो कार्यकालको लागि सातौं साधारण सभा तथा तेश्रो राष्ट्रिय अधिवेशनको समुद्घाटन कार्यक्रम नेपाल सरकारका पुर्व सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यतामा, राष्ट्रिय सभा गृह, भृकुटीमण्डपमा गर्न गइरहेको ब्यहोरा जानकारी गराउँन चाहन्छौं। उक्त कार्यक्रममा अन्य विभिन्न ब्यवसायीक महासंघ, संघसंस्था, लब्ध प्रतिष्ठीत व्यक्तीत्वहरु एवम् विभिन्न सरकारी निकायका प्रमुखज्यूहरुको सहभागिता रहने छ।

काठमाडौं उपत्यकाका विभिन्न बस्तुगत तथा क्षेत्रगत १९ वटा संघहरुको छाता संगठन यस महासंघले साधारण सभा तथा अधिवेशनका लागि आफ्नो सम्पुर्ण तयारी सम्पन्न गरी कार्यक्रमलाई भब्य र सभ्य बनाउन सबै घटक संघहरु जिम्मेवार भइ लागि पर्नु भएको पनि यहाँहरुको माझमा राख्न चाहन्छौ। हाल काठमाडौं क्षेत्र भित्र मात्र सिमित रहेको यो महासंघ प्रदेश र जिल्ला स्तरसम्म नै क्षेत्र विस्तार गर्ने कार्ययोजना अनुरुप विधान संसोधन गरी सकेको छ।

आगामी कार्यकालमा यसले पुर्णता पाउने छ नेपाल राष्ट्रिय व्यावसायी महासंघको विधान २०७४ तथा नेपाल सरकारको निर्वाचन प्रणालीले निर्दिष्ट गरे बमोजिम नै निर्वाचन सम्बन्धी प्रकृया अघि बढाइएको छ। सोही बमोजीम निर्वाचन कार्य सुसम्पन्न गर्न अधिवक्ता अर्जुन अर्यालको संयोजकत्वमा ५ सदस्यिय निर्वाचन समिति गठन गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छौं।

निर्वाचन समितिले आफनो कार्यभार तथा जिम्मेवारी सम्हाल्दै निर्वाचन सम्बन्धी कार्यतालिका सार्वजनिक गरीसकेको छ भने कार्यतालिका अनुरुप अन्तिम मतदाता नामावली प्रकाशन गरी सकेको व्यहोरा उल्लेखन गर्न चाहन्छौं। निर्वाचन समितिले विधान मर्म अनुरुप कुल ९० पदका लागि उम्मेदवारी दिने मिति २०८१ पुस १५ गते रहेको र दावी विरोध

पहचान अन्तिम उम्मेदवारको नामावधी १ ते ३।३० बजे प्रकाशन गर्नेछ। एउटा पदमा २ मा सी भन्दा बढीको उमेदवारी परेमा प्रक्रियाबाट निर्वाचीत गरिनेछ। उक्त कार्यक्रम समुदघाटन समारोह पश्चात श्री राम निर्वाचन समितिले जानकारी गराएको छ।

# एक परिवारको जीवनको आधार टुट्यो

■ जनआकाश संवाददाता

**काठमाडौं।** दैलेख जिल्लाको आठबिस नगरपालिका वड़ा नं २ सिगौंडी, बेत्तला निवासी केशे दमाईको जेठो छोरा अम्मर नेपाली कामको सिलसिलामां भारतको हल्द्वानीमा गएका थिए। कामको शिलसिलामा भारतको हल्द्वानीमा पुगेका दमाईको अचान २०८१/ २/ ११ गते जेठ महिनामा दुःखद मृत्यु भयो।



घरको जेठो छोरो बितेका केही महिनामै उनको बुवा रोजगारिको शिलशिलामा २०८१/८/३९ भारतको मुम्बई माहाराष्ठको पुनामा पुगे छोरा बितेको एक महिना नपुग्दै उनको दुखत निधन भयो र उनिहरुको परिवार गहिरो सोकमा डुब्यो।

घरको जेठो छोरो र बुवा दुबैको निधनसँगै, यस परिवारको जीवनको आधार नै टुट्यो अहिले यो परिवार आसुका धारा बगाउदै अतीतका सम्झनाहरूमा बाँचिरहेको छ। एक गरिब परिवार त्यही माथि कमाउनी घरको मुल मान्छे बाबु छारा नै नहुदा परिवारको जीवन चलाउन नै धौ धौ परिरहेको छ।

गरिबीको कारणले, रोजगारीको लागि प्रदेशीयका बाबु र छोरा दुबैको निधनपछि घरका दुबै मुल खम्बा नष्ट भइसकेका छन्। घरका दुवै मुल खम्बा गइसकेपछि, यो परिवारको जीवनको आधार नै नष्ट भएको छ। बाबु र छोरा दुबैको निधनले परिवारलाई एक्लो बनाएको छ। अहिले उनीहरूका आँखामा आँसुका धाराहरू बगिरहेका छन्, र अतीतका सम्झनामा बाँचिरहेका छन्।

गरिबी र रोजगारको लागि बाबु र छोरा दुबै विदेश गएका थिए, तर अब उनीहरूको अभावले परिवारको जीवन निकै कठिन र चुनौतीपूर्ण बन्न्। घरका कमाउने मुल सदस्य नहुदा परिवारका सदस्य उपेन्द्र नेपाली, दुई महिनाका कान्छा छारा कमल नेपाली, छोरी लक्ष्मी नेपाली, तुल्सी नेपाली, प्रमिला नेपाली घरको मुल सदस्य घुमाउदा संकटमा परेकाछन्।

## रामेछाप डायरी

# रामेछापको उमाकुण्ड गाउँपालिकामा एक दिने विज्ञान प्रदर्शनी प्रतियोगिता



रामेछापको उमाकुण्ड गाउँपालिकाले एक दिने माध्यमिक विद्यालयस्तरीय विज्ञान तथा गणित प्रर्दशनी प्रतियोगिता कार्यक्रम संचालन गरेको छ। उक्त विज्ञान प्रर्दशनिमा प्रत्येक माध्यमिक विद्यालयबाट ८ जना विद्यार्थी र २ जना शिक्षक लगायत विभिन्न विद्यालयका प्रधानाध्यापकहरूको उपस्थिति रहेको थियो।

प्रतियोगितामा चण्डेश्वरी माध्यमिक विद्यालय प्रिती प्रथम, सिद्धेश्वर माध्यमिक विद्यालय बाम्ती द्वितीय, जनता माध्यमिक विद्यालय कुँबु तृतिय र कास्थेम माध्यमिक विद्यालय भुजी सान्त्वना भएका छन। विजेता विद्यालयहरूलाई क्रमशः नगद रु. ८०००, ५०००, ३०००, र २००० पुरस्कार राशी सहित प्रमाणपत्र प्रदान गरिएको छ।

त्यसैगरी कैलेश्वर मावि गुप्तेश्वर पाँचौ, सरस्वती माध्यमिक विद्यालय सुनुवारधारा छैठौं र महालंगुर मावि गुम्देल साँतौं भएको हो। विज्ञान तथा गणित प्रर्दशनी कार्यक्रममा वडा नं ४ अन्तर्गतका कालीदेवी आधारभुत बिद्यालय हुँगा, देवीश्वर आधरभुत बिद्यालय बलखी र वडा नं ५ को कालीकादेवी आधार भुत बिद्यालय उर्माखुका ४२ जना बिद्यार्थी र ५ जना शिक्षक सहित करिब ५०० जनाले अवलोकन गरेका छन।

विद्यालयले विज्ञान तथा गणित विषयलाई कक्षाकोठामा अध्यापन गर्दा सैद्धान्तिक ज्ञानमा मात्र जोड दिने तर प्रयोगात्मक अभ्यासमा जोड नदिने परिपाटीले गर्दा विद्यार्थीहरूलाई यी दुई विषयलाई अत्यन्तै गाह्रो मान्ने गरेको गाउँपालिकाका शिक्षा अधिकृत डावा शेर्पाले बताउनुभयो। परीक्षाको नतिजा हेर्दा यिनै विषयमा कमजोर रहेको अवस्थामा प्रयोगात्मक अभ्यास सहित सैद्धान्तिक ज्ञान दिन सके यी विषय गाह्रा छैनन् भन्ने सन्देश दिन र विद्यार्थी, शिक्षकबीच अनुभव समेत आदान प्रदान गर्ने हेतुले प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो।

# रामेछापका सरकारी कार्यालयहरुले गरे सार्वजनिक सुनुवाइ कार्यक्रम

रामेछापका सरकारी कार्यालहरुको सार्वजनिक सुनुवाइ गरिएको छ। जिल्लास्थित सबै सरकारी कार्यालयहरुको एकसाथ सार्वजनिक सुनुवाइ गरिएको हो। जिल्लाका सेवा प्रदायक कार्यालयहरूले चालु आर्थिक वर्षको हालसम्म गरेका सेवा प्रवाहका बारेमा जिल्ला प्रशासन कार्यालय रामेछापको आयोजनामा शुक्रवार सार्वजनिक सुनुवाइ गरिएको हो।



सार्वजनिक सुनुवाइमा सेवा प्रदायक सरकारी कार्यालयकाहरुको तर्फबाट चालु आर्थिक वर्षको हालसम्म प्रवाह भएका सेवा, योजना, आयोजनाहरुको प्रगती साथै, समस्या, चुनौती र उपलब्धिका बारेमा जानकारी गराइएको थियो।

कार्यालयहरुको तर्फबाट हालसम्म भए, गरेका कामहरुको बारेमा जानकारी गराइएपछि पत्रकारहरुले प्रश्न तथा जिज्ञासा राखेका थिए। पत्रकारहरुले खानेपानी, पूर्वाधार निर्माण, सडक कृषि, सिँचाइ, स्वास्थ्य, नापी, मालपोत, साथै स्थानीय तहमा देखिएको समस्याका बारेमा प्रश्न गर्नुका साथै समस्या समाधानको लागि के पहल भइरहेका छन् भन्ने विषयमा जिज्ञासा राखेका थिए।

जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धीत रहेर विशेषगरी पछिल्लो समय नागरिकताका विषयमा सार्वजनिक मञ्चमा जनप्रतिनिधिहरुले दिएका अभिव्यक्ति र विपद् तथा राहतका विषयमा पत्रकारहरुले जिज्ञासा राखेका थिए। त्यस्तै अन्य सरकारी कार्यालयले सञ्चालन गर्दै आएका कार्यक्रहरुको विषयमा पनि प्रश्न उठाइएको थियो।


विकासका काम समयमै गर्नुपर्ने र कार्यालयका सूचना र तथ्याङ्क व्यवस्थित रूपले राख्न र जो कोहीले पनि मागेको अवस्थामा सही सूचना र तथ्याङ्क दिने व्यवस्था मिलाउन पत्रकार हरुले आग्रह पनि गरेका थिए। कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ सम्बन्धी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूले दिएका थिए।

कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले सेवा प्रदायक कार्यालयले गरेको कामलाई सञ्चारमाध्यम मार्फत सार्वजनिक गर्ने र आम नागरिकले जानकारी पाउन् भन्ने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

सरकारी कार्यालयहरुको तर्फबाट गरिएको यो पहिलो सार्वजनिकीकरण कार्यक्रम भएकाले अन्तरक्रियात्मक रुपमा कार्यक्रम गरिएको जानकारी दिँदै आगामी दिनमा परिमाजर्न गर्दै लैजाने पनि प्रजिअ पौडेलले बताउनुभयो।

एउटै कार्यक्रममा सबै प्रश्नको जवाफ नआउने भएपनि रचनात्मक सुझावले सेवा प्रवाहमा सुधार गर्न सहयोग पुग्ने प्रजिअ पौडेलको भनाइ थियो। सरकारी कार्यालयहरुले प्रवाह गर्ने सेवा तथा कामको बारेमा सार्वजनिकीकरण गर्ने कामलाई निरन्तरता दिने पनि प्रजिअ पौडेलले प्रतिबद्धता व्यक्त गर्नुभयो।

# टेलिकमको बिलिङ ठेक्कामा हुवावेलाई निषेध




**काठमाडौं–** सर्वोच्च अदालतले नेपाल टेलिकमको नेटवर्कमा काम गरिरहेकै कम्पनी बिलिङ प्रणालीको ठेक्कामा सहभागी हुन नपाउने आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधीश डा. नहकुल सुवेदी र महेश शर्मा पौडेलको इजलासले टेलिकममा जुन कम्पनीले नेटवर्क व्यवस्थापन गरिरहेको छ उसलाई बिलिङ प्रणालीको ठेक्कामा भाग लिन नदिन निर्देशनात्मक आदेश दिएको हो । यो आदेशका कारण चिनियाँ कम्पनी हुवावे, जेडटीई र एसिया इन्फोले बिलिङ प्रणालीको ठेक्कामा प्रतिस्पर्धा गर्न पाउने छैनन् ।

टेलिकमको नेटवर्क व्यवस्थापनको काम अहिले हुवावेले गरिरहेको छ । टेलिकमको बिलिङ प्रणाली र त्यसको मर्मत सम्भार हुवावेकै स्वार्थ जोडिने अर्को चिनियाँ कम्पनी एसिया इन्फोले गरिरहेको छ ।

अर्थात्, बिलिङ प्रणालीमा अहिले हालीमुहाली गरिरहेको एसिया इन्फोले पनि सर्वोच्चको निर्देशनात्मक आदेशपछि टेलिकमको टेन्डरमा भाग लिनै नपाउने परिस्थिति बनेको छ ।

‘सर्वसाधारणको व्यक्तिगत सूचनामा अनधिकृत रुपमा हुने कुनै पनि प्रकारको पहुँचले व्यक्तिको गोपनीयताको हक, वैयक्तिक स्वतन्त्रताको हक र सम्मानपूर्वक बाँच्न पाउने हक जस्ता मौलिक हक सम्बन्धी संवैधानिक व्यवस्था समेतको गम्भीर उल्लंघन हुने भएकाले बिलिङ प्रणालीको खरिद तथा जडान कार्यमा समेत त्यस्ता मौलिक हकको संरक्षणको सुनिश्चितता गर्नुपर्छ,’ आदेशमा भनिएको छ, ‘बिलिङ प्रणालीको उत्पादक वा बिक्रेता कम्पनीको मुख्य सञ्चार प्रणाली (नेटवर्क) अन्तर्गत रहनुपर्ने व्यक्तिको वैयक्तिक सूचना तथा तथ्यांकमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चतता तथा यस सम्बन्धी खरिद प्रकृयामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चित गर्नू ।’

सर्वोच्चले नेटवर्कमा काम गरिरहेको हुवावेले नै बिलिङ प्रणाली जडान तथा मर्मत गर्ने भए स्वार्थको द्वन्द्व हुन सक्ने भन्दै त्यसतर्फ सचेत रहन टेलिकमलाई आदेश दिएको छ ।

सर्वोच्चले गार्टनर नामक संस्थाले सूचना प्रविधि सम्बन्धी कम्पनीको कार्यक्षमता र प्रभावकारिताका विषयमा विविध पक्षको विश्लेषण गरी चार फरक श्रेणीमा मूल्यांकन गर्ने गरेको भन्दै सो रेटिङलाई आधार बनाएर वर्गीकरणमा उच्च स्थान पाएका कम्पनीहरु मात्र बिलिङको ठेक्काका लागि योग्य मान्न सकिने आदेश दिएको छ ।

सर्वोच्चले टेलिकमलाई थप आर्थिक व्ययभार नपर्ने गरी सम्झौताको व्याख्या गर्दै त्यसलाई कार्यान्वयन गर्नसमेत निर्देशनात्मक आदेश दिएको छ ।

टेलिकमले बिलिङ प्रणाली खरिदका लागि गत चैत १८ गते ठेक्का आह्वान गरेको थियो । तर, टेलिकम नेतृत्वकै चाहनाअनुरुप टेन्डरलाई जानीबुझी विवादित बनाउने काम भयो । अमेरिकी डलरको चार वर्षअघिको पुरानो भाउदेखि अन्य विवादित हुन सक्ने विषय राखेर टेलिकमले ठेक्का निकालेपछि भेन्डरहरु प्रस्ताव हाल्नै हच्किएका थिए । चार पटकसम्म ठेक्काको म्याद थप्दा चिनियाँ कम्पनीको प्रभावकाबीच अमेरिकी कम्पनी सीएसजीले मात्रै प्रस्ताव हालेको थियो ।

# लक्ष्मी सन्राईज बैंक र मर्स्याङ्दी हाइड्रोपावरबीच सम्झौता

**काठमाडौं-** लक्ष्मी सन्राईज बैंक लि. को अगुवाईमा सहवित्तियकरणमा सहभागी बैंकहरु र अप्पर मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा. लि. बीच सो कम्पनीले लमजुङ्ग जिल्ला स्थित मर्स्याङ्दी नदीमा निमार्ण गर्ने १०२ मे.वा.क्षमताको अप्पर मर्स्याङ्दी -१ जलविद्युत आयोजनामा लगानी गर्ने सम्झौता सम्पन्न भएको छ ।

सो आयोजनाको कूल लागत रू २१.४० अर्ब रहेको छ । यो सहकार्यले नेपालको नवीकरणीय ऊर्जा परि दृश्यमा महत्वपूर्ण भूमिका खेल्नेछ ।



अपर मर्स्याङ्दी हाइड्रोपावर-१ ले पौष १०, २०७५ मा विद्युत विकास विभागबाट आयोजना निर्माणको लागि विद्युत उत्पादनको अनुमति पत्र लिनुका साथै पौष ९, २०८१ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता समेत गरिसकेको छ ।

सो कम्पनीको प्रवर्द्धकको रुपमा के.सी. ग्रुप र क्याल ग्रुप रहेका छन् । सो परियोजना निमार्णको लागि लक्ष्मी सन्राईज बैंकको नेतृत्त्वमा सहवित्तीयकरणमा सहभागी बैंकहरुले परियोजना लागतको ७४.७७ प्रतिशत लगानी गर्ने प्रतिवद्धता जनाएका छन् भने बाँकी २५.२३ प्रतिशत रकम सो कम्पनीका प्रवर्द्धक र संस्थापकहरुको लगानी रहने छ ।

लक्ष्मी सन्राईज बैंकको प्रोजेक्ट फाइनान्स टर्म लोन प्रतिवद्धता ७ अर्ब रहेको छ भने सहवित्तीयकरणमा सहभागी अन्य बैंकहरु मध्ये सह-अगुवा ग्लोबल आइएमइ बैंकको ६ अर्ब तथा प्रभु बैंकको ३ अर्ब समेत गरी जम्मा लगानी १६ अर्ब रहेकोछ ।

सो आयोजना जुन २०२९ भित्र निर्माण सम्पन्न भई विद्युत उत्पादन भएपश्चात वार्षिक करिव ५८३.०३ गिगावाट आवर इनर्जी विद्युत राष्ट्रिय प्रसारण लाइनमा जडान हुँदा यो ठुला स्वतन्त्र उर्जा उत्पादक मध्य एकको रुपमा रहने विश्वास लिइएकोछ ।

# सामसबले नेपालमा ठूलो क्षमताको २ नयाँ बिस्पोक एआई वाशिंग मशिन ल्यायो

काठमाडौं- सामसब नेपालले १२ केजीसम्मको क्षमता, एआई-वाश, र ऊर्जा बचत गर्दै कपडा सुरक्षित राख्ने एआई इकोबबल जस्ता अत्याधुनिक सुविधाहरू रहेको आफ्नो नयाँ बिस्पोक वाशिंग मेसिन नेपाली बजारमा उपलब्ध गराएको छ ।

स्मार्टथिंगस्एपद्वारा स्मार्टफोनको मार्फत टाढाबाटै नियन्त्रण गर्न सकिने सामसबको नयाँ वाशिब मेसिनले लुगा धुने प्रक्रिया सजिलो बनाउँछ ।

यसका साथै तपाईंको धुलाईको किसिमलाई बुझी एआई पर्सन्लाइजेसन्सुविधाले तपाईंको लागि उपयुक्त धुलाई साइकल पनि सुझाउँछ। यसमा भएको स्पेसम्याक्स टेक्नोलोजीले सानो साइजको यो मेसिनलाई तपाईंको घरमा सजिलै फिट हुने बनाउँछ र १२ केजीसम्मको लुगाको लोड सजिलै धुन सक्छ ।

यो इनोभेटिभ डिजाइनले भित्री ड्रमलाई ब्रिधि गरी गहिराईलाई ६०० एमएममा राखेर, कुनै पनि ठाउँमा सहजै रूपमा फिट हुने सुनिश्चित गर्दछ । यो नयाँ वाशिब मेसिनले स्लीक डिजाइन, सजिलो इन्टरफेस, र लुगाको सफाईलाई प्राथमिकता दिन्छ। दक्षता, दिगोपन, र राम्रो अनुभवमा केन्द्रित भएर, यो मेसिनले नेपालमा लन्ड्री गर्ने नयाँ तरिका प्रस्तुत गरेको छ ।

१२ केजी लाइन-अप दुइवटा फरक मोडलहरूमा उपलब्ध छ- डायल कन्ट्रोल भएको ध्ध्१२म्न्५च्२४ब्क्ष् र एलईडी डिस्प्ले भएको WW१२DG६B२४ABIM. यी दुवै मोडलहरूको मूल्य क्रमश: रु १, १४, ९९० र रु १, २०, ९९० रहेको छ ।




यस वाशिंग मशिनलाई सामसब कन्ज्युमर इलेक्ट्रोनिक्सको आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स प्राइभेट लिमिटेड र आधिकारिक पुनर्विक्रेता त्रिवेणी व्यापार प्राइभेट लिमिटेडका डिलर नेटवर्कद्वारा नेपाल अधिराज्य भरी उपलब्ध गराइएको छ ।

# बैंकहरुको पुँजीमा प्रतिफल निरन्तर घट्दो

**काठमाडौं–** वाणिज्य बैंकहरुको रिटर्न अन इक्विटी-पुँजीमा प्रतिफल (आरओई) निरन्तर घट्दै गएको छ। अर्थतन्त्रमा देखिएको सुस्तताका कारण बैंकहरुको खुद ब्याज आम्दानीमा कमी, घट्दो शुल्क तथा कमिसन आम्दानी र नोक्सानी व्यवस्थापनका लागि धेरै रकम छुट्याउनु परेका कारण आरओई घट्दै गएको हो ।

जम्मा ३ बैंकको आरओई बढ्दा १७ वटाको घटेको छ । सेयरधनीले बैंकमा गरेको कुल लगानीको प्रतिफललाई नै आरओई भनिन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा २१.९४ प्रतिशतसम्म रहेको आरओई २०८०/०८१ मा आइपुग्दा ४.८० प्रतिशतसम्म झरेको छ ।आरओई घट्नु भनेको सेयरधनीले पाउने प्रतिफल खुम्चिनु हो ।

बजारमा आर्थिक गतिविधि सुस्त हुँदाको प्रभाव अहिले बैंकको आरओईमा परेको बैंकरहरु बताउँछन् । नेपाल बैंकर्स संघका उपाध्यक्ष एवं ग्लोबल आइएमई बैंकका सीइओ सुरेन्द्र रेग्मीले अर्थतन्त्र शिथिल हुँदा बैंकहरुले व्यवसाय बढाउन नसकेको र कर्जा असुली पनि प्रभावित भएकाले आरओई घटेको बताए ।

‘पछिल्लो समय कर्जाको माग सुस्त छ । बैंकहरुमा निक्षेप थुप्रिएको अवस्था हो । निक्षेप लिएर बस्नु भनेको नाफा संकुचन हुनु नै हो । अन्ततः यसले लागत नै बढाउने हो, ’ रेग्मीले भने, ‘एकातिर थुप्रिएको निक्षेपले लागत बढाएको छ भने अर्कातिर लगानी गरेको रकम नउठ्दा कर्जा नोक्सानी बढेको अवस्था छ। अनि आरओई त घट्ने नै भयो ।’

बैंकहरुको आम्दानी घट्नुको अर्को प्रमुख कारण नोक्सानी व्यवस्थापन हो । व्यापार व्यवसाय प्रभावित भएर कर्जा उठाउन नसकेपछि प्रोभिजनिङ बढेको छ ।

‘खराब ऋण नदेखाए पनि नोक्सानी व्यवस्थापन गर्नु पर्‍यो । यसले पनि आम्दानी कम भएर आरओई घटेको देखिन्छ, ’ रेग्मीले भने ।

कृषि विकास, एभरेष्ट र हिमालयन बैंकको भने आरओई बढेको छ । सञ्चालनमा रहेका सबै वाणिज्य बैंकको चुक्ता पुँजी १० अर्ब रुपैयाँभन्दा माथि छ। पुँजी वृद्धिको तुलनामा बैंकहरुले व्यवसाय गर्न सकेका छैनन् ।

आरओईका आधारमा स्टान्डर्ड चाटर्ड बैंक एक नम्बरमा छ। यो बैंकको आरओई १९.१८ प्रतिशत छ ।

दोस्रोमा एभरेष्ट र तेस्रोमा प्रभु बैंक छन् । एभरेष्टको १५.३७ र प्रभुको १४.०२ प्रतिशत आरओई छ। सबैभन्दा कम आरओई हुनेमा नेपाल बैंक छ । यसको आरओई ४.५८ प्रतिशतमा सीमित छ ।

एनआईसी एसियाको आरओई पछिल्लो दुई वर्षमा सबैभन्दा धेरै खुम्चिएको छ । आर्थिक वर्ष २०७८/७९ मा २१.९४ प्रतिशत रहेको एनआईसी एसियाको आरओई २०८०/८१ मा आइपुग्दा ४.८० प्रतिशतमा झरेको छ । त्यसैगरी पछिल्लो दुई वर्षमा राष्ट्रिय वाणिज्य बैंकको आरओई ११.६ प्रतिशत विन्दुले घटेको छ ।

वाणिज्य बैंकहरुको औसत आरओई दुई वर्षमा १४.०८ बाट १०.२९ प्रतिशतमा झरेको छ । आरओई ओरालो लाग्नुको कारण नियामकीय व्यवस्था पनि भएको बैंकरहरु बताउँछन् ।



राष्ट्र बैंकले स्प्रेड दरमा कडाइ गरेर मूल्य तोक्ने अधिकार बैंक वित्तीय संस्थाबाट खोसेको छ । यसबाहेक अन्य आय हुने क्षेत्रमा दर तोकिदिएको छ । यसले बैंकहरुको आम्दानी घटेर प्रतिफल कम भएको हो ।

ग्लोबल आइएमई बैंकका पूर्वसीइओ रत्नराज बज्राचार्य बैंकहरुको उच्च लागत र न्यून आम्दानीका कारण आरओई घट्दै गएको बताउँछन् ।

‘कस्टअफ फण्डको आधारमा बेसरेट घट्ने बित्तिकै इमिडियट प्रिमियममा जान पाइँदैन । बैंकले लागत कन्ट्रोल गर्छु भन्दा पनि सकिंदैन, ’ उनले भने, ‘यसले बैंकको नाफामा लङ्टर्म असर पारेको छ। अर्को बैंकको आम्दानी फि हो । बैंकले अहिले दिइरहेको सेवा यही लागतले धान्नै सकस पर्छ ।’

# प्रभु बैंकको Digital Counter सञ्चालनमा

**काठमाडौं–** अंग्रेजी नयाँ बर्ष २०२५ को शुरुवात संगै प्रभु बैंक लिमिटेडले बिद्युतीय कारोवारलाई प्रवर्धन गर्ने उद्देश्यले स्वचालित काउण्टर एचबदजग म्ष्नष्तबा ऋगदभ सञ्चालनमा ल्याएको छ ।

उक्त काउण्टर मार्फत Cash Deposit, Cash Recycling, Cheque Deposit, Statement Printing, ATM तथा विभिन्न प्ष्यकप मेशिनको माध्यमवाट नगद जम्मा गर्न, नगद निकाल्न, क्लीयरिङ चेक जम्मा गर्न, खाताको स्टेट्मेण्ट प्रिन्ट गर्न सकिने लगायतका सेवाहरु ग्राहक आफैंले प्राप्त गर्न सक्ने ब्यवस्था मिलाइएको छ ।

यस सेवाको शुरुवात सँगै कार्यालय समय कुरेर काउण्टरमा लाइन लागि बैंकिङ्ग सेवा लिनुपर्ने झन्झटको अन्त्य भएको छ । हाल यो सेवा बैंकको मुख्य कार्यालय, बबरमहलबाट उपलब्ध गराइएको र निकट भविष्यमा आवश्यकता अनुसार अन्य स्थानमा समेत बिस्तार गरिनेछ । साथै यस नबिनतम् सेवाबाट ग्राहक वर्गले पर्याप्त लाभ उठाउनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ ।

# हिमालय एयरलाइन्स सेल्फ ग्राउण्ड ह्यान्डलिङ तयारीमा

**काठमाडौं–** निजी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी हिमालय एयरलाइन्सको सेल्फ ग्राउण्ड ह्यान्डलिङ तयारी अन्तिम चरणमा पुगेको छ । कम्पनीले अबको ३ महिनाभित्रै आफ्नो जहाजमार्फत उडान सेवा लिने यात्रुलाई आफैं विमानस्थलमा ग्राउण्ड ह्यान्डलिङको सेवा दिने उद्देश्यले तयारीमा जुटेको कम्पनीका उपाध्यक्ष विजय श्रेष्ठले बताए ।

‘ग्राउण्ड ह्यान्डलिङका लागि आवश्यक केही उपकरण ट्रान्जिटमा छन् । ३ महिनाभित्र हामी सबै सेटअप पुरा गरेर आफ्ना यात्रुलाई आफैं सेवा दिनेछौं,’ उनले भने, ’ग्राउण्ड ह्याण्डलिङको खर्च बचाउन भन्दा पनि यात्रुलाई आफ्नै अवधारणा केन्द्रित सेवा दिने हाम्रो मुख्य उद्देश्य हो ।’

सेल्फ ग्राउण्ड ह्यान्डलिङ सेवा सुरु भएसँगै यात्रु चेक इन, ब्यागेज चेक इन लगायत काम सबै वायुसेवाले आफैं गर्न सक्ने उनले बताए । यात्रुसँग साक्षात्कार हुने पहिलो विन्दुमै आफ्नो सेवा प्रवाह गर्ने उद्देश्यले सेवा थालनी गर्न लागेको उनले जानकारी दिए ।

‘ब्यागेज हराएको बिग्रिएको अवस्थामा जिम्मेवारी चाहिँ हाम्रो, तर सेवा दिने कम्पनी भिन्न हुन्थ्यो । अब ब्यागेज, कार्गो लगायत सबैको हेरविचार हामीले नै चुस्त रुपमा गर्ने भयौं, ’ उनले भने, ’यात्रुलाई दिइने सेवा दायरा विस्तार गरिएको हो ।’

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कम्पनीको पुरानै कार्यालय र पहिलै लिइएको स्थानमा रहेर यो सेवा दिइने उनले बताए । यसमा अपुग भएको अवस्थामा भने वायुसेवाले अतिरिक्त स्थानको माग गर्नेछ ।

उनका अनुसार ग्राउण्ड ह्याण्डलिङ सेवाका लागि जहाज पुस ब्याक ट्राक्टर, ब्यागेज ट्राक्टर, ब्यागेज कोनभेयर, प्यासेन्जर स्टेयर (भर्‍याङ), ब्राण्ड न्यु ऱ्याम्प बस, ब्यागेज ट्रली लगायत प्रयोग गरिनेछ ।

यो कम्पनीले २ वर्ष अघिदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेल्फ ग्राउण्ड ह्यान्डलिङ गर्ने तयारी गरेको थियो । तर, उसको योजना विवादस्पद हुँदै मुद्दा परेर सर्वोच्च अदालत पुगेको थियो । १३ महिनादेखिको उक्त विवादमा सर्वोच्चको फैसला हिमालय एयरलाइन्सको पक्षमा आएको छ ।

न्यायाधीश मनोजकुमार शर्मा र विनोद शर्माको इजलासले हिमालय एयरलाइन्सलाई सेल्फ ग्राउण्ड ह्यान्डलिङ सुविधा दिन नेपाल नागरिक उड्डयन प्राधिकरणका नाममा अघिल्लो शुक्रबार परमादेश जारी गरेको थियो ।

सातामा ३५ भन्दा बढी सेड्युल उडान गर्ने वायुसेवा प्रदायक कम्पनीलाई सेल्फ ग्राउण्ड ह्यान्डलिङ गर्न दिने व्यवस्थालाई टेकेर सर्वोच्चले गत वर्ष जनवरीमा हिमालयका पक्षमा निर्णय गरेको थियो ।

हिमालय एयरलाइन्सले हाल ४ वटा जहाजबाट झण्डै एक दर्जन अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गर्दै आएको छ ।

एयरलाइन्सले सेल्फ ग्राउण्ड ह्यान्डलिङ आफैं गर्न पाउँदा टिकट भाडा घट्ने बताउँदै आएको छ । अहिले नेपाल वायुसेवा निगमलाई प्रति उडान ४ हजार डलरसम्म ग्राउण्ड ह्यान्डलिङ शुल्क बुझाउँदै आएको छ । त्यसको १५ प्रतिशत निगमले विमानस्थललाई तिर्नुपर्छ। बाँकी सबै निगमले पाउँछ । तर, सेल्फ ग्राउण्ड ह्यान्डलिङमा भने विमानस्थललाई प्रति यात्रु १ डलर बुझाए पुग्छ ।


त्रिभुवन विमानस्थलमा अहिले व्यावसायिक ग्राउण्ड ह्यान्डलिङ सेवा नेपाल वायु सेवा निगमले दिंदै आएको छ । हिमालयन एयरलाइन्सले सेल्फ ग्राउण्ड ह्यान्डलिङ गर्न थालेपछि निगमको भने आम्दानी घट्नेछ । निगमले अहिले आफ्ना १३ सय कर्मचारी पाल्ने मुख्य आधार नै विनाप्रतिस्पर्धा पाएको ग्राउण्ड ह्यान्डलिङ सेवा हो ।

सन् २०१४ मा स्थापना भएको उक्त वायुसेवा कम्पनीमा चीनको तिब्बत सिभिल एभिएसन डेभलपमेन्ट एण्ड इन्भेष्टमेन्ट कम्पनी र नेपालको यती वर्ल्ड इन्भेष्टमेन्टको संयुक्त लगानी छ ।

हाल यो कम्पनीले तीनवटा एयरबस ३२०-२१४ र एउटा एयरबस ३१९-११५ गरी कुल ४ वटा जहाजमार्फत यूएई, मलेसिया, कतार, साउदी अरेबिया, कुवेत, बंगलादेश लगायतका अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान गर्दै आएको छ ।

# खेलकुद

## महिला राष्ट्रिय क्रिकेट धनगढीमा




काठमाडौं – प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता माघ १ गतेदेखि धनगढीमा हुने भएको छ । ९ टोली सहभागी प्रतियोगिता फाप्ला क्रिकेट मैदानमा ११ दिनसम्म चल्नेछ । त्रिभुवन आर्मी क्लबले यसै प्रतियोगिताबाट पहिलो पटक महिला क्रिकेट टोली मैदानमा उतार्ने छ ।

समूह 'ए' मा साबिक विजेता नेपाल एपीएफ क्लबसहित, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश छन् । समूह 'बी' मा गत वर्षको उपविजेता कोशी प्रदेशसहित आर्मी, बागमती प्रदेश र मधेश प्रदेश छन् ।

समूहका शीर्ष दुई टोली सुपर फोरमा पुग्नेछ भने तेस्रो हुने टोलीले पाँचौं र छैटौं स्थानका लागि खेल्नेछ । सुपर फोरमा एक समूहले अर्को समूहको शीर्ष दुई टोलीसँग खेलेपछि शीर्षस्थानमा रहने दुई टोली फाइनल पुग्नेछ ।

## पाकिस्तानलाई हराएर दक्षिण अफ्रिका टेस्ट तालिकाको शीर्षमा

काठमाडौं– दक्षिण अफ्रिकाले सोमबार पाकिस्तानलाई दोस्रो टेस्टमा १० विकेटले पराजित गर्दै दुई टेस्टको सिरिज ह्वाइटवास गरेको छ । यो जितसँगै दक्षिण अफ्रिका वर्ल्ड टेस्ट च्याम्पियनसिप तालिकाको शीर्षमा रहने निश्चित भएको छ ।

केपटाउनमा जितका लागि ५८ रनको लक्ष्य पाएको दक्षिण अफ्रिकाले बिना कुनै विकेटको क्षति त्यसलाई हात पारेको हो । दक्षिण अफ्रिकाले पहिलो इनिङ्समा ६ सय १५ रनको उच्च स्कोर खडा गरेपछि जितको आधार तय भएको थियो ।



फलो अनमा परेको पाकिस्तानले आफ्नो दोस्रो इनिङ्समा ४ सय ७८ रन बनाए पनि दक्षिण अफ्रिकामाथि दबाब सिर्जना गर्न असफल रह्यो । पाकिस्तान पहिलो इनिङ्समा सस्तोम १ सय ९४ र बनाएर अलआउट भएको थियो ।

## कोशी र इटहरी नमुना विजयी




सुनसरी– कोशी क्याम्पसले इटहरीमा जारी प्रदेशस्तरीय दोस्रो अन्तरकलेज टी-२० क्रिकेट प्रतियोगितामा विजयी सुरुआत गरेको छ । इटहरी आदर्श जायन्ट्सको आयोजनामा सोमबार सुरु प्रतियोगिताको उद्घाटन खेलमा कोशीले दमकको आस्था कलेजमाथि २६ रनको जित निकाल्यो ।

इटहरी-९ स्थित जनता क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको कोशीले १६ ओभरमा छोट्याइएको खेलमा ८ विकेट गुमाएर १ सय ३५ रन बनायो । कोशीका सुभम बरालले ३५, गोपाल मण्डलले २७ र जेम्स बिकले १७ रन बनाए । आस्थाका सौजन घिमिरेले ३ र संगम बुढाथोकीले २ विकेट लिए ।

१ सय ३६ रनको लक्ष्य पछ्याएको आस्थाले निर्धारित ओभरमा ८ विकेट गुमाई १ सय ९ रनमात्र बनायो । संगम बुढाथोकीले ३०, हिमांशु गिरीले १८ र सौजन घिमिरेले १५ रन जोडे । म्यान अफ द म्याच कोशीका गोपाल मण्डल भए । उनले ३ विकेट लिए ।

सोमबारै दोस्रो खेलमा इटहरी नमुना कलेजले कोशी सेन्ट जेम्स कलेजलाई ८१ रनले हरायो । नमुनाले दिएको १ सय ५३ रनको लक्ष्य पछ्याएको कोशी सेन्ट जेम्स ७२ रनमा अलआउट भयो । नमुनाका प्रभात राईले ३९ बलमा ५६ रन जोडे । सेन्ट जेम्सका एमडी आरिफले ५ विकेट लिए । नमुनालाई जिताउन ५ विकेट लिएका प्रकाश कार्की म्यान द म्याच भए ।

पुस २६ गतेसम्म चल्ने प्रतियोगितामा कोशी प्रदेशका झापा, मोरङ र सुनसरीका विभिन्न १० कलेजका टोलीको सहभागिता छ । प्रतियोगिता सुनसरी जिल्ला क्रिकेट संघको प्राविधिक सहयोग र क्लाउड एजुकेशन एण्ड भिषा सर्भिसको सहयोगमा सञ्चालन भएको हो ।

प्रतियोगिताले कोशी प्रदेशका कलेजहरू बीचको क्रिकेट प्रतिभालाई उजागर गर्दै खेलकुदको माध्यमबाट शैक्षिक क्षेत्रलाई समेत प्रोत्साहन गर्ने लक्ष्य लिएको आयोजकका अध्यक्ष भुपाल लुइँटेलले जानकारी दिए ।

# डाक्नेश्वरी–१ का वडाध्यक्ष धीरेन्द्र कुमार साहलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश



**सप्तरी-** सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ का नवनिर्वाचित वडाध्यक्ष धीरेन्द्रकुमार साहलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश दीपक धितालको इजलासले उनीसहित दुई जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिइएको हो ।

नवनिर्वाचित अध्यक्षसहित ६ जनाविरुद्ध जबर जस्ती करणी गरी कर्तव्य ज्यान गरेको र व्यक्ति बेपत्ता गरेको सम्बन्धी दुईवटा मुद्दा दर्ता भएको छ ।

वडा अध्यक्ष साहसहित अर्का आरोपी शिक्षक राजनारायण साहलाई पनि पुर्पक्षका लागि थुनामा पठाउने अदालतले आदेश दिएको छ ।

नवनिर्वाचित वडा अध्यक्ष साह २० मंसिरमा शपथ समारोहबाटै पक्राउ परेका थिए ।

साहसहितको समूहले सन्तोषकी कुमारी साहलाई बलात्कार गरी हत्या गरेको आरोप छ । आफ्नी दिदीलाई बलात्कार गरी हत्या गरेको देखेपछि उनका भाइ १३ वर्षका नितिशकुमार साहलाई अपहरण गरी बेपत्ता पारेको उनीहरुमाथि आरोप छ ।

फागुन २०७९ मा डाक्नेश्वरी नगरपालिका-१ माधोपुर टोलस्थित आँपको बगैंचाबाट मुखमा रुमाल कोचेर नितिशलाई अहपरण गरी बेपत्ता बनाइएको आरोप छ । नितिशको अवस्था अझैसम्म अज्ञात छ ।

# निर्माण व्यवसायी महासंघबाट पुष २७ मा राष्ट्रिय भेला आह्वान

■ निर्मल अर्याल



काठमाडा- मुलुकको अर्थतन्त्र उकास्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्माण उद्योगको विकासमा राज्य उदासीन हुँदा समग्र अर्थतन्त्रमै गम्भीर समस्या देखिएको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ । विहिवार महासंघ सचिवालयमा पत्रकार सम्मेलन गर्दै महासंघले व्यवसायीहरूले निर्माण कार्य गरे बापत विगत आर्थिक वर्षहरुमै भुक्तानी हुनु पर्ने ठूलो रकम अझै पनि नपाउँदा निर्माण उद्योगमा अत्यन्त विकराल अवस्था सिर्जना भएको बताएको छ ।

'राज्यबाट निर्माण व्यवसायीहरूलाई यस आर्थिक वर्षमा भएको आंशिक भुक्तानी समेत यस चालू आर्थिक वर्षको विनियोजित बजेटबाट मात्र भुक्तानी भएको हुँदा अब यस वर्ष हुने थप निर्माण कार्यमा भुक्तानीको समस्याले पुनः जटिल रुप लिने निश्चित छ' पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले भन्नुभयो ।

हाल बैंकमा अत्याधकि नगद मौज्दात रहेको स्थितिमा राष्ट्रिय ऋण उठाइ वा विकास बण्ड जारी गरेर भए पनि निर्माण व्यवसायीहरूको भुक्तानीको समस्या स्थायी रुपले समाधान हुनुपर्ने अध्यक्ष सिंहले बताउनुभयो ।

भुक्तानी बाहेक सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनमा देखिएको म्याद थप सम्बन्धी कानूनी जटिलता, राष्ट्र बैंकबाट निर्माण व्यवसायीहरूलाई ऋणमा दिइएको सुविधा कटौती, निर्माण कार्य हुने सिजनमै उद्यमीहरूबाट विना ठोस कारण नै खुलेआम कार्टेलिङ गरी सिमेण्ट, डण्डी लगायतका निर्माण सामग्रीमा भइरहेको चर्को मूल्यवृद्धिले मुलुकको निर्माण उद्योग लगभग 'कोमा' मा पुगिसकेको अध्यक्ष सिंहले बताउनुभयो ।

निर्माण उद्योगप्रतिको सरकारी उदासीनता विरुद्ध अब निर्णायक आन्दोलनको विकल्प नभएको निष्कर्षमा महासंघ पुगेको र सोही प्रयोजनका लागि यही पुष २७ गते शनिवार राजधानीमा देशभरका निर्माण व्यवसायीहरूको प्रतिनिधित्व हुने गरी 'राष्ट्रिय भेला २०८१' आयोजना गर्न लागिएको अध्यक्ष सिंहले जानकारी दिनुभयो ।

सोही भेला को म्याण्डेट अनुसार आन्दोलनका चरणबद्ध कार्यक्रमहरू गरिने पनि अध्यक्ष सिंहले बताउनुभयो । विना कुनै अध्ययन अनुसन्धान तथा विना स्रोत सुनिश्चितता सत्तामा रहनेहरूले मनोमानी ढंगले अन्धाधुन्ध आयोजनाहरू छनौट एवं घोषणा गरेका कारण निर्माण उद्योग अस्तव्यस्त भएको अध्यक्ष सिंहले बताउनुभयो ।

मुलुकमा हाल साँडे ६ खर्ब भन्दा बढीका आयोजनाहरू पुगिसकेकोमा राज्यसँग साँडे १ खर्ब भन्दा बढीका आयोजनाहरू सम्पन्न गर्न सक्ने कुनै पनि आर्थिक एवं स्रोत सुनिश्चिचताको क्षमता नभएको पुष्टि भइसकेको सन्दर्भमा आयोजनाहरूको प्राथमिकिरण गरी स्रोत विनाका ठेक्काहरू तत्काल खारेज हुनुपर्ने माग अध्यक्ष सिंहले गर्नु भएको छ ।

राज्य संयन्त्र जनता झुक्याउने तथा निर्माण व्यवसायी फसाउने खेलमा लागेको टिप्पणी गर्दै अध्यक्ष सिंहले निर्माण व्यवसायलाई समाप्त पारेर राज्यलाई कुनै फाइदा नुहने बताउनुभयो ।

निर्माण व्यवसायीहरूलाई ऋण/किस्ता, चेक अनादरमा दिइएको सहुलियत र कालोसूचीमा नराख्ने समयसिमा २०८१ मंसिर मसान्तसम्म रहेकोमा हाल सम्म पनि निर्माण व्यवसायीहरूको ठूलो रकम भुक्तानी नभएको हुँदा व्यवसायीहरू आर्थिक रुपमा धराशायी भएको अवस्था रहेकाले उक्त सुहलियतको अवधि २०८२ असार मसान्तसम्म थप हुनुपर्ने अध्यक्ष सिंहले बताउनुभयो ।

सिमेण्ट, डण्डी लगायतका निर्माण सामग्री उत्पादनसँग सम्बन्धित् इन्धन सहित कुनै पनि कच्चा पदार्थमा मूल्यवृद्धि नहुँदा पनि कार्टेलिङ गरी विगत एक महिनाको अवधिमा नै पटक पटक गरी सिमेण्टमा प्रति बोरा रु. दुई सयभन्दा बढी र डण्डीमा प्रति केजी रु. पन्ध्रसम्म मूल्यवृद्धि गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

निर्माण कार्य तीव्र रुपमा हुने अहिलकै सिजनमा सिमित सिमेण्ट तथा डण्डी उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत नियोजित तरिकाले कटौती गरेकाले भुक्तानी अभाव लगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप मारमा परेकाले उक्त मूल्यवृद्धि अविलम्ब खारेज हुनुपर्ने महासंघको भनाइ रहेको छ । महासंघले विगतमा गरेको आन्दोलन पश्चात् सरकारले पटक पटक महासंघसँग सम्झौता गरेपनि ती सम्झौता अधिकांश बुँदा कार्यान्वयन नभएका कारण पनि निर्माण उद्योगमा दिनप्रतिदिन जटिल समस्या थपिँदै गएकाले निर्माण उद्योगका तमाम समस्या समाधानका लागि महासंघ समेतको प्रतिनिधित्व रहने गरी तत्काल उच्चस्तरीय आयोग गठन गर्न नेपाल सरकार समक्ष जोडदार माग गरेको छ ।

महासंघ र सरकारबीच दुई वर्ष अघि भएको चार बुँदे तथा गत वर्ष भएको नौ बुँदे सहमतिका अधिकांश बुँदा अझै कार्यान्वयन नभएको महासंघले जनाएको छ। महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (ए.डी) ले व्यवसायीहरूका जायज मागप्रति सरकार कहिल्यै पनि संवदेनशील नभएको आरोप लगाउनुभयो ।

महासंघका महासचिव रोशन दाहालले आन्दोलन व्यवसायीहरूको रहर नभई बाध्यता भएको बताउनुभयो । महासंघका नीतिगत उपमहासचिव एवं प्रवक्ता शिवहरि घिमिरेले निर्माण व्यवसायीहरूका मागहरूलाई सञ्चार माध्यमले सही ढंगले स्थान दिएमा ती मागहरू पूरा गर्न राज्य बाध्य हुने धारणा राख्नुभयो ।

# सार्वजनिक यातायातले लक्षित वर्गलाई छुट दिनैपर्ने, नदिए कारबाही




**काठमाडौं-** नेपालमा सार्वजनिक यातायातमा सहुलियत सुविधा रहेको छ । विद्यार्थी, अपाङ्गता, जनआन्दोलनका अशक्त घाइते तथा जेष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनमा छुट दिइन्छ । तर, सार्वजनिक यातायात सञ्चालकले शनिबार, सार्वजनिक बिदा तथा विभिन्न अवसरका दिन छुट दिँदैनन् । यसो गरेको पाइएमा कारबाही हुने यातायात व्यवस्था विभागले स्पष्ट पारेको छ ।

विभागले भनेको छ, 'भाडामा सहुलियत दिनुपर्ने उल्लेखित वर्गलाई सहुलियत दिँदा निश्चित रुट, कोटा संख्या, दिन र समय नतोकी यस व्यवस्थाको पूर्ण रूपमा परिपालना गर्नुपर्नेछ ।' सहुलियत पाउने वर्गले आफ्नो सक्कल परिचयपत्र देखाइ सहुलियत लिनुपर्नेछ ।

विभागले सोमबार सार्वजनिक यातायातको भाडा बढाउँदै सार्वजनिक यातायात व्यवसायीले पालना गर्नुपर्ने नियम समेत स्मरण गराएको छ । जसमा यात्रा सुरु गर्नु अगाडि सबै यात्रुलाई अनिवार्य भाडा रकम र स्थान उल्लेख गरी टिकट जारी गर्नुपर्ने समेत राखिएको छ ।

डिलक्स स्तरीय सेवा सञ्चालन गरी थप भाडा लिने बस/मिनी बस, माइक्रो, जीपले अनिवार्य रूपमा विभाग अन्तर्गतका सवारी परीक्षण कार्यालयबाट स्तर निरीक्षण गराउनु पर्ने भएको छ । साथै सवारी दर्ता किताबमा प्रमाणित गराएपछि मात्र भाडा लिन पाउने व्यवस्था अनिवार्य गरिएको छ ।

लामो दुरीका रात्रि बसमा घटीमा दुई जना चालक अनिवार्य राख्नु पर्ने भएको छ । दुर्घटना न्यूनीकरणमा ध्यान दिनु पर्ने समेत सर्तमा उल्लेख छ ।

यातायात सेवा सञ्चालन गर्दा स्वच्छ तथा प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्नुपर्ने भएको छ । तोकिएको भन्दा बढी भाडा लिएको भेटिएमा कारपाही हुने भएको छ । कर समयमा तिर्नुपर्ने र भाडादरको सूचना यात्रुले देखिने गरी राख्नु पर्ने समेत सूचमा उल्लेख छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २१, २०८१ साल पुस २३ गते मंगलबार (Jan 7, 2025)

# "बलिदान"का लागि भारतबाट ल्याइयो ४२ फिट अग्लो देवी कालीको मूर्ति



निर्माता तथा निर्देशक सन्तोष सेनले आफ्नो नयाँ फिल्म 'बलिदान'लाई ठूलो क्यानभासमा तयार पारिरहेका छन् । सेट निर्माणदेखि प्रप्ससम्म करोडौं खर्च गरिएको छ । फिल्मको क्लाइमेक्स खिच्न ४२ फिट अग्लो हिन्दू देवी कालीको मूर्ति समेत तयार पारिएको छ । फिल्मको कथाअनुरूप विनाशकी देवी कालीमाताको चण्डी स्वरूपलाई दर्शाउने मूर्ति भारतस्थित कलकत्ताबाट ल्याइएको हो ।

निर्देशक सेनले नेपालमा उपयुक्त मूर्ति नभेटेपछि कलकत्ता गएर त्यहाँका कालिगडहरूसँग मिलेर मूर्ति तयार गरिएको बताए । 'फिल्मका लागि हामीलाई एउटा विशाल कालीमाताको मूर्ति चाहिएको थियो । नेपालमा हामीले आफ्नो चाहनाअनुसारको मूर्ति पाएनौं । अन्ततः हामी भारतको कलकत्ता पुग्यौं । त्यहाँका कालिगडहरूसँग मिलेर मूर्ति निर्माण गर्‍यौं, ' सेनले भने ।

क्लाइमेक्स खिच्नका लागि मूर्तिलाई मोरङको हसिना सिमसारस्थित बुढासुब्बा मैदानमा राखिएको छ । मूर्तिले यो क्षेत्रलाई नै नयाँ पहिचान दिएको निर्देशक सेनको भनाइ छ । उनका अनुसार अहिले उक्त मैदानलाई 'काली चौर' भन्न थालिएको छ । यस क्षेत्रमा निर्माण भएका मञ्च र दुई सय बढी स्टलहरूले स्थानीयलाई रोजगारी दिनुका साथै मिनी बजार नै सञ्चालनमा आएको उनले बताए ।

निर्देशक सन्तोष सेनका अनुसार 'बलिदान'को छायांकन अन्तिम चरणमा पुगेको छ । यो साताभित्र फिल्म प्याकअप हुने उनले जानकारी दिए । छायांकन सकिएपछि टिजरसहित फिल्मको रिलिज मिति घोषणा गरिने उनले बताए । फिल्मलाई कुन मितिमा हलमा रिलिज गर्ने भन्ने निधो भइसकेको उनको भनाइ छ ।

फिल्ममा भारतीय एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा ३० जनाको टोलीले अत्याधुनिक प्रविधिको प्रयोग गरेर एक्सन सिनको डिजाइन गरेको छ । 'बलिदान'को कथा नेपालको सार्वभौम भूमिमा भइरहेको अन्याय र समाजका तथाकथित नाइकेहरूको विरुद्धको सङ्घर्षमा आधारित छ । यसमा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, सन्तोष सेनलगायतको अभिनय छ ।

अन्तराष्ट्रिय

# गाजामा छिट्टै युद्धविराम हुन्छ : ब्लिन्केन




**काठमाडौं –** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गाजामा छिट्टै युद्धविराम हुने बताएका छन् । वर्तमान राष्ट्रपति बाइडेनको कार्यकालमा सम्भव नभएपनि नयाँ राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको सत्ता सम्हालेसँगै युद्धविराम हुने उनको भनाइ छ ।

'आवश्यक प्रक्रियापछि र अमेरिकी राष्ट्रपति जो बाइडेन राष्ट्रपति पदबाट हटेपछि सम्भवतः जनवरी २० पछि युद्धविराम हुनेछ,' उनले भने । गत वर्ष हमास र इजरायलबीच युद्धविरामका लागि पटक-पटक प्रयास गरेपनि असफल भएको स्मरण गर्दै ब्लिन्केनले बाइडेन प्रशासनले आफ्नो कार्यकालको अन्त्यसम्म युद्धविराम र बन्दी मुक्त गर्ने प्रयास गरिरहने बताएका छन् ।

'हामी आगामी दुई सातामा युद्धविराम सम्झौतालाई निष्कर्षमा पुर्‍याउन चाहन्छौं,' दक्षिण कोरियाको राजधानी सोल पुगेका ब्लिन्केनले सञ्चारकर्मीहरूसँग भने, 'यदि हामीले आगामी दुई साताभा टुंगो लगाउन सकेनौं भने पनि यो कुनै बिन्दुमा छिट्टै पूरा हुनेछ ।' जनवरी २० मा कार्यभार सम्हाल्ने तयारीमा रहनुभएका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई अझ बलियो समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

ट्रम्पले सन् २०२३ अक्टोबर ७ मा भएको आक्रमणपछि हमासले बन्धक बनाएकाहरूलाई मुक्त नगरे हमासले 'ठूलो मूल्य चुकाउनु पर्ने' चेतावनीसमेत दिएका छन् । हमासले इजरायलमाथि गरेको भीषण आक्रमण र त्यसको बदलामा इजरायलले गाजामा चलाएको हमासविरोधी कारवाहीपछि ब्लिन्केनले मध्यपूर्वको १२ पटक भ्रमण गरिसकेका छन् ।

# राजीनामा दिंदै क्यानडाका प्रधानमन्त्री ट्रुडो



**ओटावा–** क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले केही दिनभित्रै राजीनामाको घोषणा गर्न सक्ने सञ्चारमाध्यमहरुले जनाएका छन् । उनले सत्तारुढ लिबरल पार्टी नेताको पद छाड्ने विचार गरिरहेको बीबीसीले जनाएको छ । दलको नेताबाट बाहिरिएसँगै प्रधानमन्त्रीका रूपमा ट्रुडोको ९ वर्षे शासन अन्त्य हुनेछ ।

गत महिना उनको अर्थमन्त्रीले क्यानाडेली सामानहरूमा अमेरिकी शुल्क लगाउने डोनाल्ड ट्रम्पको धम्कीलाई कसरी व्यवहार गर्ने जस्ता नीतिगत असहमतिहरूलाई उद्धृत गर्दै राजीनामा दिएका थिए । पछिल्लो समय ट्रुडोको लोकप्रियता पनि मतदाताहरूमाझ घटेको छ । उनको दल यसै वर्ष हुने आमनिर्वाचनमा पराजयको बाटोमा रहेको सर्वेक्षणहरूले देखाएका छन् ।

उनले बुधबार आफ्नो पार्टीको बैठकअघि राजीनामा गर्ने आफ्नो मनसाय घोषणा गर्न सक्ने 'द ग्लोब एण्ड मेल' ले जनाएको छ । तर ट्रुडो तुरुन्तै पद छाड्ने वा नयाँ नेता चयन नभएसम्म प्रधानमन्त्री पदमा रहिरहने भन्ने स्पष्ट नरहेको जनाइएको छ ।

आगामी प्रधानमन्त्रीले अमेरिकासँगको सम्भावित व्यापार युद्ध अन्त्य गर्ने चुनौतीको सामना गर्नुपर्नेछ । आगामी जनवरी २० देखि अमेरिकाको राष्ट्रपति पद सम्हाल्ने डोनाल्ड ट्रम्पले क्यानाडेली सामानहरूमा २५ प्रतिशत कर लगाउने घोषणा गरिसकेका छन् ।

क्यानडामा आगामी अक्टोबरअघि चुनाव हुनुपर्ने तालिका छ । तर लिबरल पार्टीको नेतृत्वमा हुने परिवर्तनले आगामी त्यसअघिनै मतदान हुने सम्भावना बढाउन सक्ने देखिन्छ ।

ट्रुडोले अप्रत्याशित रूपमा सन् २०१५ मा आफ्नो पार्टीलाई सत्तामा पुर्‍याएका थिए । त्यतिबेला ४३ वर्षीय नयाँ अनुहारले खुला अध्यागमन नीतिमा केन्द्रित राजनीति गर्ने, धनीहरूमाथि कर बढाउने र जलवायु परिवर्तनसँग लड्ने प्रतिज्ञा गरेका थिए ।

तर उनको पहिलो कार्यकाल विभिन्न घोटालाहरूका कारण विवादित बनेको थियो । तर पछिल्लो समय क्यानडामा बढ्दो महँगी र शासनशैलीका कारण उनको लोकप्रियता घट्न थालेको थियो । जसका कारण उनकै दलका एक दर्जनभन्दा बढी सांसदहरूले समेत ट्रुडोलाई राजीनामा दिन सुझाव दिएका छन् ।

# मधेशको कृषि मन्त्रालयका तत्कालीन सचिवसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं-** मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिवसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

मन्त्रालयका तत्कालीन सचिव डा. नम्रता सिंहसहित ८ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

सिंहसहित तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकरप्रसाद साह, मन्त्रालयकै कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल, मन्त्रालयका सहलेखापाल ब्रजेशकुमार साह, युवरानी मत्स्य तथा कृषि फार्म प्रालि औरही नगरपालिका-३ महोत्तरीका फार्म सञ्चालक तथा अध्यक्ष लक्ष्मीनारायण यादव र मन्त्रालयका तत्कालीन पशु चिकित्सक रन्जितकुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाश कुमार झा र कृषि विकास निर्देशनालयका कृषि अर्थ विज्ञ विकास कुमार साहविरुद्ध मुद्दा चलाइएको छ ।




उनीहरुविरुद्ध एक करोड बिगो मागदाबी गरिएको छ । उनीहरुले पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमको रकममा भ्रष्टाचार गरेको आरोप छ । यस कार्यक्रमका लागि वरिष्ठ कृषि अर्थविज्ञको संयोजकत्वमा गठन प्रस्ताव छनौट समिति गठन भएको थियो ।

# चितवनमा ध्वनि प्रदूषण गर्ने ६३ वटा मोटरसाइकल नियन्त्रणमा

**चितवन-** जिल्लाका विभिन्न स्थानमा मोटरसाइकलको स्वरुप परिवर्तन गर्ने र तीव्र गतिमा चर्को आवाज निकाली ध्वनि प्रदूषण गर्ने ६३ वटा मोटरसाइकललाई नियन्त्रणमा लिइएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले विभिन्न समयमा गरी ती मोटरसाइकललाई नियन्त्रणमा लिएर कारवाही प्रक्रिया सुरु गरेको हो ।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक गायत्रीराज शर्माका अनुसार स्वरुप परिवर्तन गरेर चर्को आवाजमा चलाइराखेको समयमा ती मोटरसाइकल नियन्त्रणमा लिइएको हो ।

उनका अनुसार विभिन्न समयमा स्वरुप परिवर्तन गर्ने मोटरसाइकललाई कारबाही गरिदै गरिएकोमा ध्वनि प्रदूषण नघटेको पाइएको हुँदा स्वरुप परिवर्तनअन्तर्गत साइलेन्सर, ह्याण्डल, सिटलगायतका सामान कम्पनीको वा सवारी दर्ता किताबभन्दा फरक राखी चर्को आवाज निकाल्ने मोटरसाइकल नियन्त्रणमा लिइएको हो । यस्ता मोटरसाइकल आइतबार मात्रै ३० वटा नियन्त्रणमा लिइएको उनले जानकारी दिए ।

सामान्यतया ६० डेसिबलसम्मको आवाजलाई सामान्य मान्ने भए पनि यस्ता मोटरसाइकलले १२० देखि १९० डेसिबलसम्म आवाज निकाल्ने गरेको पाइएको छ । यसले मावन स्वास्थ्यमा प्रतिकूल असर गर्ने रक्तचाप बढ्ने, थकान महसुस हुने, तत्काले रिसाउने, झर्किने, कान कम सुन्नेजस्ता समस्या आउन सक्ने कुराहरुलाई मध्यनजर गर्दै ती मोटरसाइकल नियन्त्रणमा लिइएको शर्माले बताए ।

यस्तो कार्यमा संलग्नलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ३९ बमोजिमको कसुरमा दफा १६० बमोजिम रु एक हजारदेखि पाँच हजारसम्म जरिवाना र बागमती प्रदेश सवारी तथा यातायात व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ४३ बमोजिमको कसुरमा दफा १९४ बमोजिम सात हजारदेखि १५ हजारसम्म जरिवाना हुने शर्माले बताए । यस्ता मोटरसाइकललाई पूर्ववत् अवस्थामा फर्काएर जरिवाना तिराएर मात्रै छोडिने उनले जानकारी दिए ।

# झिलिमिली बन्दै बाजुराको विकट बस्ती बिच्छया, स्थानीय उत्साहित

**बाजुरा-** बाजुराको दुर्गम हिमाली गाउँपालिका अन्तर्गत साविकको बिच्छयाँ गाविस केही महिनामै झिलिमिली हुने भएको छ । हिमाली गाउँपालिका १, २ र ३ वडाका ६ सय ८२ परिवार र वडा नम्बर ५ स्थित क्युडी गाउँका १ सय २० परिवारका घरमा केही महिनाभित्र बिजुली बल्ने भएको हो ।

अँध्यारोमा बस्दै आएका गाउँले बिजुली बल्ने भएपछि निकै उत्साहित र खुसी भएका स्थानीय छक्कलाल थापाले बताए । 'वर्षौंदेखि झरोको सहारामा उज्यालो बालिरहेका स्थानीय २०८२ जेठसम्म बिजुली बाल्ने छन्, ' उनले भने ।

गाउँपालिकाको सहकार्यमा 'कादुरी एग्रिकल्चरल एड एसोसियन ब्रिटिस गोर्खाज् नेपाल' संस्थासँगको सहकार्य तथा सहयोगमा बिजुली बाल्ने काम भइरहेको गाउँपालिका अध्यक्ष गोविन्दबहादुर मल्लले बताए ।

हिमाली गाउँपालिकाको २ मा नातिखोला लघुजलविद्युत् आयोजनाबाट बिजुली उत्पादन हुने भएको हो । कादुरी एग्रिकल्चरल एड एसोसियन ब्रिटिस गोर्खाज् नेपालका प्राविधिक निर्देशक डा. नारायण गुरुङका अनुसार २०८२ जेठसम्म बिच्छयाँका सबै गाउँमा बिजुली बालिसक्ने योजना छ ।

झन्डै १४ करोड ५५ लाख रुपैयाँमा १ किलोवाट क्षमताको उक्त परियोजना सम्पन्न हुन लागेको हो । परियोजनाको काम गत वर्षबाट सुरु भएको हो । परियोजना सम्पन्न गर्न संस्थाले दुई चरणमा काम गरेको थियो । बिजुली बाल्ने लगभग अन्तिम चरणमा पुगेको गुरुङ बताउँछन् ।

बिच्छयाँमा चाडो बिजुली बाल्न संस्थाले हेलिकप्टर मार्फत हुम्लाको जिबानाबाट सामान ढुवानी गरेको छ । जिबानासम्म यातायातको साधन मार्फत ढुवानी गरिएको थियो । बिच्छयाँ यातायातको पहुँचमा नभएकाले हेलिकप्टर मार्फत सामान ढुवानी गरिरहेको छ ।

सो संस्थाले बिजुली बाल्ने काम सम्पन्न गरेसँगै बिच्छयाँका ४ ठाउँमा झोलुङ्गे पुल, खानेपानी योजना साथै विद्यालयमा चार कोठे शौचालय र खानेपानी व्यवस्थापन गर्ने योजना बनाएको छ । बिच्छयाँ बाजुराको पनि दुर्गम र पिछडिएको क्षेत्र भनेर विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि संस्था यो परियोजना लिएर त्यहाँ पुगेको हो ।

बिच्छयाँबारे सञ्चारमाध्यमबाट जानकारी पाएलगत्तै यहाँ पुगेको प्राविधिक निर्देशक डा. नारायण गुरुङ बताउँछन् । योभन्दा पहिला गौमुल गाउँपालिकामा बिजुली बालेको यो संस्थाले अहिले त्यहाँ झोलुङ्गे पुल र खानेपानी योजना निर्माण गरेको छ । संस्थाले नेपालका विकट ठाउँमा पुगेर काम गरिरहेको गुरुङ बताउँछन् ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना मार्फत फिनल्यान्ड सरकार र युरोपियन युनियन, गाउँपालिका र स्थानीयको श्रमदानमा चार वर्ष पहिला बिजुली बाल्ने प्रक्रिया अगाडि बढाएको थियो । दुई वर्षपछि एकाएक ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले काम गर्न नसक्ने बताएपछि बिच्छयाँवासीको बिजुली बाल्ने सपना अधुरै थियो ।

कादुरी एग्रिकल्चरल एड एसोसियन ब्रिटिस गोर्खाज् नेपालले हेलिकप्टर मार्फत हुम्लाको जिबानाबाट बिच्छयाँ गाउँमा सामान लैजाँदै । यहाँ यातायातको पहुँच नभएकाले हेलिकप्टर मार्फत सामान ढुवानी गर्नुपरेको हो ।

बिच्छयाँ खोला लघु जलविद्युत बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष धर्मबहादुर रोकायाका भनाइमा चारवर्ष पहिला बिजुली बाल्न हौसिएका स्थानीय बासिन्दा एकाएक निराश बनेका थिए । अब कादुरीले विद्युतीकरणको काम अगाडि बढाएसँगै उनीहरूको निराशा आशामा बदलिएको छ । स्थानीयवासी निकै हौसिएका छन् ।

बिच्छयाँ साविकको एउटा गाविस हो । अहिले यो हिमाली गाउँपालिका वडा नम्बर १, २ र ३ पर्छ । बिच्छयाँका सबै बासिन्दाको पहिलो प्राथमिकता अहिले पनि बिजुली बाल्ने छ । यो ठाउँ पुग्न बाजुरा सदरमुकाम मार्तडीबाट तीन दिनभन्दा बढी हिँड्नुपर्छ । वर्षौंदेखि यहाँका बासिन्दा झरोको सहारामा उज्यालो बाल्दै आएका छन् । बिच्छयाँ जिल्लामा सडक यातायातको पहुँच नपुगेको साविकको एक मात्र गाविस हो ।

यो ठाउँमा राष्ट्रिय प्रसारण लाइन पुग्ने कुनै सम्भावना थिएन । संस्थाले बिजुली बाल्न सहयोग गरेपछि स्थानीयका सपना पूरा हुन लागेको हिमाली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजबहादुर भण्डारी बताउँछन् ।

# बिजेन्द्र नौबागेको शब्द तथा संगीतमा 'पुर्वेली नानी' म्युजिक भिडियो सार्वजानिक




**इनिश बुढाथोकी**

**काठमाडौं–** सर्जक, कलाकार तथा मोडल विजेन्द्र नौबागेको 'पुर्वेली नानी'बोलको गीत सार्वजानिक भएको छ ।

उक्त गीत बागबजार स्थित साउथकुल क्याफेमा एक कार्यक्रम आयोजना गरी प्रमुख अतिथि कलाकार तथा निर्देशक शुभाष प्रसाद गजुरेलको हातबाट सार्वजनिक गरिएको हो ।

बिजेन्द्र नौबागेको शब्द तथा संगीत रहेको यो गीतमा दिवान किनारको संगीत संयोजन रहेको छ भने मेलिना राई र प्रविन राईको स्वर रहेको छ ।

बाल कलाकार मन्जली तामा र आदित्य लम्सालको अभिनय रहेको छ भने बिजेन्द्र नौबागे र अस्मिता पुरीको अभिनयले गीतलाई अफ्र रोमान्टिक बनाएको यो गीत एक्टिभ इन्टरटेनमेन्ट आफिसियल युटुब च्यानलबाट सार्वजानिक भएको छ ।

शुरेस राईको रेकर्ड तथा मिक्सिङ मास्टरीङमा तयार भएको हो यो गीतमा बिजेन्द्र नौबागेको निर्देशन रहेको भिडियोमा दिपेश एसकेको नृत्य निर्देशन, रोजिना श्रेष्ठको श्रृंगार, केशव अधिकारीको छायांकन, प्रेम शर्मा पौडेलको सम्पादन, ओम प्रसाद प्रसाईको कलरिङ रहेको छ ।

"पुर्वेली नानी" गीत बिमोचन कार्यक्रमका प्रमुख अतिथि गजुरेलले गीत संगीतको क्षेत्रमा बिजेन्द्र नौबागेले दिएको योगदान निकै प्रशंसनिय रहेको बताउँदै आम दर्शक श्रोताले यो गीत तथा भिडियो मन पराउनेमा आफु आशावादी रहेको बताउनु भयो ।

# शिव सागर खड्का र रेजिना खड्काको आवाजमा "सयौं जुनी माया" सार्वजनिक



**विनोद कार्की**

**काठमाडौं–** शिव सागर खड्का र रेजिना खड्काको आवाजमा 'सयौं जुनी मायाँ' बोलको गीत **Shiva Sagar Official** युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द, संगीत शिव सागर खड्काको रहेको छ भने रेजिना खड्का र शिव सागर खड्काले मिठासपूर्ण आवाज दिएका छन् । रामकृष्ण थापाको एरेन्ज रहेको गीतमा संगीत सागर बुर्जाले भिडियो निर्देशन गरेका छन्, जसमा रेजिना खड्का र शिव सागर खड्का स्वयमको अभिनय छ ।

आधुनिक शैलीमा तयार पारिएको यस गीतले माया, पिरतीको भावनालाई प्रस्तुत गरेको छ, जसमा गायक खड्का रेजिना खड्काको आवाजलाई विशेष प्रशंसा गरिएको छ ।

# लामो समयपछि बालेनको गीत दर्शकले सुन्न पाउने



**काठमाडौं–** काठमाडौं नगरपालिकाका मेयर बालेन शाहको नयाँ गीत बजारमा आउने भएको छ ।

उन्ले गाएको 'गरिबको चमेली बोल्दिने कोही छैन', 'मन यो उड्यो', 'नेपाल हाँसेको', 'गोर्खाली तोप', आदि उनका चर्चित गीतहरु रहेका छन् । तर मेयर बनेपछि उनका गीतहरु सार्वजनिक भएका छैनन् ।

अब पुनः बालेनका गीत दर्शकले सन्न पाउने भएका छन् । आगामी फागुन १४ गते महाशिवरात्रिको अवसर पारेर प्रदर्शनमा आउन लागेको चलचित्र 'लाज शरणम्'को गीतमा बालेन स्वयंको शब्द तथा संगीत रहेको छ ।


केही दिनअघि रेकर्ड भइसकेको उक्त गीत फिल्म रिलिजअघि नै सार्वजनिक गर्ने तयारीमा निर्माता रहेका छन् ।

# अस्मिता र सुमनले ल्याए 'सौभाग्य मेरो जीवन'

**काठमाडौं–** बेजिला फिल्मस्को प्रस्तुतिमा रहेको प्रेमिल गीत "सौभाग्य मेरो जीवन" सार्वजनिक भएको छ ।

गीतमा सुमन केसी र अस्मिता अधिकारीको सुमधुर स्वर सुन्न सकिन्छ । गीतका शब्द किशोर पोखरेलले लेखेका हुन् भने संगीत रमेश अन्जन कडरियाको रहेको छ । गीतलाई गायक सुमन केसीले नै संगीत संयोजन गरेका छन् ।

गीतको भिडियोलाई लक्ष्मण पुन लक्सको निर्देशनमा तयार पारिएको हो । सहाएक निर्देशनमा धर्मेन्द्र पुर्जा रहेका छन् । भिडियोमा लक्ष्मण पुन लक्स र लक्ष्मी पुर्जा मुख्य भूमिकामा देखिएका छन् । भिडियोको छायाँकन गोविन्द बिष्टले गरेका हुन् ।



भिडियोको सम्पादन र कलर सुधार सुप्रिम पराजुलीले गरेका छन् । जापानको विभिन्न रमणीय ठाउँमा छायाँकन गरिएको यस म्युजिक भिडियोले दर्शकको मन जित्ने अपेक्षा गरिएको छ ।

# "सांस्कृतिक नायक"को ट्यागबारे के भन्छन् दयाहाङ ?



पछिल्लो समय आदिवासी जनजाति समुदायको कथामा बनिरहेका फिल्ममा सबैभन्दा बढी कसैको अनुहार देखिएको छ भने ती दयाहाङ राई हुन् । समुदाय केन्द्रित फिल्ममा उनी निर्विकल्प झैं बनेका छन् । र, उनका कारण फिल्म पनि राम्रै चलिरहेका छन् । लिम्बू, राई, शेर्पा, मगर जस्ता समुदायको कथामा काम गरिसकेका उनलाई अचेल 'सांस्कृतिक नायक' समेत भन्न थालिएको छ ।

तर, दयाहाङ कुनै उपाधिभन्दा पनि विभिन्न समुदायको कथामा काम गर्न पाउनुलाई स्व-अध्ययन मान्छन् । भन्छन्, 'नेपाल भनेको विविधताले भरिएको देश हो । नेपाललाई भौगोलिक र सांस्कृतिक रुपमा बुझ्नुपर्ने रैछ भन्ने महसुस हुन थालेपछि मेरो काम वा स्व-अध्ययनका लागि विभिन्न समुदायको कथामा काम गरिरहेको छु र पाइरहेको छु । मजा पनि आउने रैछ ।'

विभिन्न समुदायको कथामा काम गरेपछि दयाहाङले बुझेको एउटा कुरा हो- भूगोलअनुसार हरेक समुदायको फरक संस्कृति छ । 'हरेक समुदायको भौगोलिक र रहनसहनको हिसाबले संस्कृति वा मूल्य-मान्यता फरक हुने रहेछ । पहिला मैले यस्तो हुन्छ रे भन्ने मात्र सुनेको हुँ । अहिले आफैंले अनुभव गर्न पाउँदैछु । मलाई कुनै उपाधि चाहिएन तर व्यक्तिगत रुपमा खुसी छु, ' उनी भन्छन् ।

कुनै समय आदिवासी जनजाति समुदायको कथामा बनेका फिल्मलाई मूलधारको मानिँदैन थियो । त्यसलाई भाषाभाषीको फिल्मको संज्ञा दिइन्थ्यो । तर, अहिले यही समुदायको कथा बक्स अफिसमा बढी विकिरहेको छ । यसैले केही वर्षयता विभिन्न समुदायको कथामा फिल्म बन्ने क्रम बढेको छ । यो अवस्था आउनुको पछाडि दयाहाङ देशमा व्यवस्था परिवर्तन हुनुलाई मान्छन् ।

'व्यवस्था परिवर्तन भएपछि मानिसमा आएको चेतनाले हाम्रो कथा पनि भन्दा हुने रहेछ भन्ने महसुस धेरैमा भयो । व्यवस्था परिवर्तन नभइदिएको भए यसरी समुदायको कथा भनिँदैन थियो होला, ' उनी भन्छन्, 'व्यवस्था परिवर्तन भएपछि सबैले आफ्नो कथा वा मूल्य-मान्यता अगाडि सार्दै आए । जसले गर्दा 'कबड्डी', 'जारी' हुँदै 'कार्साङ'सम्म आइपुगेको छ ।'

'कबड्डी', 'जारी' जस्ता फिल्महरु सफल नभइदिएको भए यस्ता फिल्मप्रति दृष्टिकोण फरक हुनसक्थ्यो भन्ने दयाहाङको बुझाइ छ । 'पहिला भाषाभाषीको फिल्मलाई अर्कै समुदायको भनेर ट्याग दिइन्थ्यो । त्यो आम नेपालीको फिल्म हुँदैन थियो । तर, आज सबै समुदायको कथा आम नेपालीको हुनु भनेको हामीले विविधता र भौगोलिकतालाई स्वीकारेका छौं, ' उनले भने ।

यही शुक्रबार (पुष २६ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'कार्साङ'मा दयाहाङले शेर्पा समुदायको चरित्र निभाएका छन् । यसमा उनी झाँक्रीको भूमिकामा छन् । फिल्ममा उनको जोडी सिर्जना निङलेखुसँग बाँधिएको छ । उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा प्रस्तुत छन् । यम शेर्पाको निर्देशनमा तयार भएको यो फिल्ममा जितु नेपाल र दीया मास्केको पनि प्रमुख भूमिका छ ।


## वायु प्रदुषणको असर कम गरौं

- व्यक्तिगत स्वारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आँफूले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,

**वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

www.janaakash.com.np
का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८
जन आकाश — Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २१, २०८१ साल पुस २३ गते मंगलबार (Jan 7, 2025)

# लमजुङको राइनासमा मान्छे बेगरका घरहरू



**लमजुङ–** छेवैको घर जीर्ण छ । आँगन घाँसेमैदान जस्तै बनेको छ । भत्किन लागेको ढोकामा ताल्चा झुण्डिएको छ । 'मान्छे बेगरको घर यस्तै त हुन्छ नि ! बेवारिसे झैं', छिमेकीविहीन घर देखेर लमजुङको राइनास नगरपालिका-१० बोराङकी ८७ वर्षीया रमादेवी न्यौपानेलाई उद्देक लाग्छ ।

उनको घर दायाँबायाँ, जहाँत्यहीँ फर्किंदा उस्तै जीर्ण र छिमेकी बेगर घर छन् । रमादेवी अहिले लगभग छिमेकीविहीन जस्तै छिन् । उनको घर वरिपरिका झण्डै १५ घरमा ताल्चा झुण्डिएको छ । घरधनी शहरतिर छन् । गाउँमा मान्छे पलायन हुँदै गएको देख्दा अचेल बोराङ टोलभरिकै उमेरले पाकी रमादेवीको मन अत्तालिन्छ ।

उनलाई गाउँ रित्तिँदै गएकामा चिन्ता लाग्छ । किनभने त्यो गाउँसँग उनको बाल्यकालदेखि बुढ्यौलीसम्मकै प्रगाढ सम्झना छ । 'बालखैमा बिहे गरेर आएको गाउँ हो । यहाँ पहिला कति रमाइलो हुन्थ्यो । अहिले कस्तो भयो, ' उनी भन्छिन्, 'हराउँदै गयो गाउँको रौनक ।' बिहे भएर आएदेखिको उनको मानसपटलमा पुरानो गाउँ अझै फनफनी घुम्छ, अतित बनेर । 'कच्ची बाटो पारि र वारि दुवैतिर घनाबस्ती थियो', उनी गाउँको विगत स्मरण गर्दै भन्छिन्, 'अहिले घरहरु छन्, बस्ने कोही छैनन् । सबै शहरतिर लागे । सुख र सुविधाले त्यति तान्यो ।'

छोराबुहारीको साथमा घरमै बस्न पाए पनि रमादेवीलाई सुनसान गाउँको अवस्थाले मन पोल्छ । अझ बढी त करेसा बारीमा फलफुल फल्दा टिपेर खाइदिने चकचके केटाकेटी नहुँदा उनलाई खल्लो लाग्छ । कुनै समय थियो । 'गाउँभरका चकचके केटाकेटीले बोटमा बतिला नलाग्दै फुलफूल टिपेर बिठ्याइँ गरिदिन्थे', उनको स्मृति बग्दै गयो, 'उतिबेला लट्ठी लिएरै भुराभुरी लखेट्दै दौडिनुपर्थ्यो । अहिले चरा र बाँदरले खाएर रित्याउँछन् । मान्छे भेटिदैनन् ।'

लमजुङको राइनास नगरपालिका-१० बोराङलाई न्यौपाने टोल पनि भनेर चिनिन्छ । किनभने त्यहाँ तीन घर अधिकारीबाहेक प्रायः सबै न्यौपाने थरका छन् । अधिकांश शिक्षक पेशामा आबद्ध टोल भएकाले यस गाउँको अर्को नाम मास्टर टोल पनि हो । 'यहाँका अधिकांश बुबाहरु शिक्षक पेशामै आबद्ध हुनुभयो भने छोराछोरी केहिले यही शिक्षण पेशा अपनाएका छन्', रमादेवीका छोरा राममणि न्यौपानेले बताए ।

उनी गाउँकै महेन्द्र प्राथमिक विद्यालयको प्रधानाध्यापक हुन् । उनका अनुसार टोलमा ५५ घरधुरी छन् । यसमध्ये मुस्किलले २६/२७ घरमा मात्रै घरमुली बसोबास गर्छन् । अरु अधिकांश शहरतिरै त कोही विदेश पलायन छन् । शिक्षकहरु जन्माएको थलोप्रति राममणिलाई जति गर्व अनुभूति छ, त्यससँगै हाल आफ्नै विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकामा पीडा उत्तिकै छ । पाँच जनाको शिक्षक दरबन्दी घटेर अहिले दुई जनामा सीमित हुनुपरेको छ ।

कक्षा शिशुदेखि कक्षा ५ सम्म जम्मा १७ जना विद्यार्थी पढ्न आउँछन् । त्यसमा पनि बोराङटोलको एक जना मात्रै विद्यार्थी पढ्छन् । 'गाँउमा अभिभावक नै नभए पनि पढ्न आउने केटाकेटी कहाँ पाउनु ?', उनी भन्छन् । अझ भनौं कहिलेकाहीँ विद्यार्थी विद्यालय नआइदिएर कक्षा रित्तै हुने गर्छ ।

राममणिका अनुसार गाउँमा स्वास्थ्य सेवा, खानेपानी, यातायातलगायतका भौतिक पूर्वाधार सुविधाको अभावले गर्दा घरहरु रित्तिदै गएको हो । यसले टोलको विकाससहित विद्यालयको पठनपाठनमा समेत असर गरेको छ ।

राइनास नगरपालिका-१० मा प्यारजुङ, लामा गाउँ, सिमघारी, पाल्लेपानी, कत्रेनी, बोराङलगायत टोल छन् । टोलैपिच्छे मौरीपालन, तरकारी खेती जस्ता उत्पादन र उद्यमशील काम भएका छन् ।

यद्यपि पालिकाले योजनाबद्ध ढङ्गमा आधुनिक खेती बसाउने र रोजगारोन्मुख कार्ययोजनामा खासै चासो नल्याएको हुँदा स्थानीय शहरमुखी हुन थालेको बताउँछन् । बस्तीमा मान्छे बस्न छाडेपछि प्रेम न्यौपानेको मनोबल कमजोर हुँदै गएको अनुभव सुनाउँछन् । 'छरछिमेकी हुँदा गाहेसारो परेको बेला सहयोगी हात हुन्थे, ' उनी भन्छन्, ' अहिले विरामी भइयो भने छिमेकी गुहार्न पनि ठाउँ छैन ।'

गाउँका युवा पुस्ताहरु रोजगारी र शिक्षा आर्जन गर्नका लागि शहर पसेका छन् । चाडपर्वमा घर सम्झेर एकाद परिवार आउँछन् नभए वर्षौंदेखि घरले स्याहार नपाएको स्थानीयले बताए । प्रेमका छिमेकी हुन्, विजयराज, दामोदर, अर्जुन । उनीहरु तीनैजनाको घरमा ताल्चा छ ।

रोजगार र छोराछोरी पढाउन काठमाडौं पसेका छिमेकी उतै बसेको प्रेम बताउँछन् । मेरो वरिपरि त सबै घरमा ताला लागेको छ । 'छिमेकी नहुँदा निकै नियास्रोको महसुस हुन्छ', उनी भन्छन्, 'गाउँका टाढाबाढा मान्छेहरु नै सहर पसेपछि गाउँको विकास हुने कुरै भएन ।'

गाउँका युवा पुस्ताहरु रोजगारी र शिक्षा आर्जन गर्नका लागि शहर पसेका छन् । चाडपर्वमा घर सम्झेर एकाद परिवार आउँछन् नभए वर्षौंदेखि घरले स्याहार नपाएको स्थानीयले बताए । प्रेमका छिमेकी हुन्, विजयराज, दामोदर, अर्जुन । उनीहरु तीनैजनाको घरमा ताल्चा छ ।

गाउँको छेउँमै चौतारा छ । चौतारा अचेल पहिले जस्तो भरिभराउ हुँदैन । ७२ वर्षे स्थानीय विष्णुहरि न्यौपानेले अब बूढाबूढीपछि पुर्ख्यौली घर कसले धान्ला भन्ने चिन्ताले सताउन थालेको बताउँछन् । उनको ठूलो छोरो चितवन रोजगारका सिलसिलामा उतै छन् । माइलो र कान्छो काठमाडौंमा छन् । सुविधा न भएको गाउँमा नबस्नु सहरतिरै आउनु भनेर छोराहरु जोड गरे पनि जन्मेलको थलो छोड्न मन नलाग्ने गरेको उनले सुनाए ।

'हामी चिसो छल्न गाउँ आएका । होइन भने प्रायः काठमाडौंतिर बस्छौं', उनले भने, 'किन बस्ने गाउँमा भो अब दुख गर्नु पर्दैन भन्छन् छोराहरु ।' बिरामी परेको बेला सिटामोल समेत पाउन मुस्कील हुने गाँउको दुःख सम्झीदा विष्णुहरीले गाँउको माया गर्ने आदर्श भाव ओझेल पर्दै गएको बताउँछन् । उनले भने जस्तै गाउँमा बस्न सजिलो भने पक्कै छैन ।

जति हेर्दा क्षणभर रमाइलो लाग्छ, त्यहाँ सुविधायुक्त जीवन बिताउन चुनौतीपूर्ण छ । ६८ वर्षे डिल्लीराम न्यौपानेले गाउँका अनेक दुःखलाई बेलीविस्तार लाए । उनको पुर्खौली जिउने आधार खेती किसानी हो । सकि नसकी लगाएको बाली बाँदर, मृग, दुम्सीले जस्ता जनावरले एकैछिन सखाप पारिदिन्छन् । 'अन्न लगायो बाँदरलाई बाख्रा पाल्यो बाघलाई', उनी किसानले भोग्नु परेको पीडा सुनाउहुन्छ, 'के खाएर बस्ने हो यो गाउँमा ? अनि शहर नपसे के गर्ने ?'

लालीगुँरास आमा समूहकी अध्यक्ष राजुकुमारी न्यौपानेका अनुसार गाउँमा स्थानीय टिकाउनका लागि स्थानीय सरकारले खासै कुनै पनि योजना नल्याएको गुनासो गर्छिन् । रोजगारको अभाव, उद्यमशीलताका आधारहरु नहुँदा युवा पलयान भएका छन् । यति मात्रै होइन, बुढापाका पनि छोराछोरीसँगै शहर पस्न थाले । यसले गर्दा गाउँ सुसनान हुँदै गएको उनले सुनाइन् ।

उनका अनुसार मान्छे नै नरहे स्थानीय क्षेत्रको विकासको आधार हराउँछ । गाउँमा मान्छे टिकाउन ग्रामीण योजना ल्याउन अति आवश्यक रहेको उनको बुझाइ छ ।

सामुदायिक सिकाइ केन्द्रमा आबद्ध रहेकी स्थानीय विमला अधिकारी न्यौपानेले कृषिमा आधुनिकीरण गर्ने र स्वास्थ्य, खानेपानी बाटोघाटोको सुविधा विस्तार गर्न सके न्यौपाने गाउँ स्वर्गजस्तै रहेको बताउँछन् । धुलोधुवाँदेखि पर रहेको गाउँ प्राकृतिक हिसाबले जति सुन्दर छ, उति नै पर्यटकीय दृष्टिले आकर्षित छ ।

परम्परागत रुपमा धान, गहुँ, मकैखेती गर्दै आएका यहाँका किसानहरुका अहिले अधिकांश जग्गा बाँझै छन् । 'खेती गर्ने बुढापाका छन्, सक्ने गर्छन् नसक्नेको बाँझै रहन्छ', विमला भन्छन्, 'कृषिमा आधुनिकीरण गर्न सके पनि आयआर्जनमा धेरै राहत हुन्थ्यो ।'

# दैलेख जिल्लाको दुल्लु नगरपालिकाको १६औं अधिवेशन सम्पन्न

■ **जनआकाश संवाददाता**

**काठमाडौं-** दैलेख जिल्लाको दुल्लु नगरपालिकाले १६औं अधिवेशन भव्यरूपमा सम्पन्न गरेको छ ।

पौराणिक दुल्लु नगरपालिकाको पहिचान, ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक सम्पदाको संरक्षण र विकास हाम्रो अभियान भन्ने मुल नारासाथ १६औं बार्षिक अधिवेशनमा नगर प्रमुख भरत रिजालले पानसमा दीपप्रजलन गरी कार्यक्रम उद्धघाटन गरिएको थियो ।

अधिवेशनमा आर्थिक वर्ष ८१र८२ को संसोधित विनियोजन विधेयक पास, युवा नीति २०८१ अनुमोदन, र दुल्लु नगर अस्पताललाई कर्णाली प्रदेशको मातहतमा लिने उद्देश्यका लागि अनुरोध गर्ने लगायतका समसामयिक



विषयमा व्यापक छलफल गरी विभिन्न निर्णयहरू गरियोको नगर प्रमुख भरत रिजालले जानकारी दिनुभयो ।

# श्रमिक कम्युनिस्ट पार्टी नेपालले मनायो २९ औं बेथान स्मृति दिवस




**रामेछाप–** रामेछापको बेथान प्रहरी चौकी कब्जा गर्ने क्रममा २०५३ साल पौष १९ गते बेथानस्थित पानी घट्टमा सहिद भएका फत्त बहादुर स्माइली मगर, तिर्थ गौतम, दिलमाया बम्जनको स्मृतिमा श्रमिक कम्युनिस्ट पार्टी नेपालले एतिहासिक बिरता दिवस यसको एतिहासिकता तथा विचार गोष्टिको आयोजना गरी मन्थलीमा सम्पन्न गरेको छ ।

उक्त कार्यक्रम सिता गौतमको अध्यक्षतामा सोहि पार्टीकै संयोजक पुर्ण बहादुर सिहको प्रमुख अतिथिमा सोहि पार्टीकै अशोक सुवेदीले नेपालमा कम्युनिस्ट पार्टीहरुको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा जिल्लाका पार्टीका प्रतिनिधि, विभिन्न सघ, सस्थाहरुलाइ निमन्त्रणा गरिएको भएपनि राष्ट्रिय स्वतन्त्र पार्टीका उप- सभापति मोहन कार्की, नेकपा माओवादी केन्द्रका नगर इन्चार्ज उदवराज रम्तेल, बाम मोर्चाका रमेशकुमार बोहरा, र केहि सन्चारकर्मिको मात्रै सहभागीता रहेको थियो ।

अशोक सुबेदीद्वारा प्रस्तुत कार्यपत्रको उपस्थित व्यातित्वहरुले टिप्पणी गरेका थिए । कार्यक्रमको संचालन माधव गौतमले गरेका थिए । कार्यक्रम पर्यारलाग्दो भएपनि कार्यपत्रमा उल्लेखित विषय कम्युनिस्ट पार्टीको नेपालको इतिहास जस्ताको तस्तै उतारिको हुनाले अध्ययन गर्न चाहानेका लागि ओजिलो थियो ।

स्मरण रहोसः नेपालमा भुरे, टाकुरे, डोके, फुङ्ले, नङ्ले कम्युनिस्ट पार्टी खोलेर समय ब्यतित गर्नेहरुको कमि नभएको बेला अर्को एउटा श्रमिक कम्युनिस्ट पार्टी नामको पसल खुलेको रामेछापले पनि जानकारी पाएको छ । तर किन हो अचेल कम्युनिस्ट नाम जोडिएर आउने पार्टीहरु प्रति नत जनताको चासो छ नत समर्थन नै त्यसैले कम्युनिस्ट पार्टीहरु भनेका नेपालमा अराजक कामको लागि खुलेका हुन भन्ने जनताको बुझाइ छ । त्यसकारण नेपालका कम्युनिस्ट लेख्ने जत्तिले कोर्स करेशन गर्न तिर पो लाग्ने हो कि ?

# नाडा र नाडाका संस्थागत एशोसिएशनबीच बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न

**काठमाडौं–** पुस १९ गते हेटौडामा नाडाका अध्यक्ष करण चौधरीको प्रमुख आतिथ्यतामा नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल, हेटौडा अटो मोवाइल्स एशोसिएशन र नाडा संस्थागत एशोसिएशनका पदाधिकारी तथा सदस्यविच बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मिति २०८१ पौष २० गते हेटौडामा सम्पन्न हेटौडा अटो मोइल्स एशोसिएशनको २४ औं वार्षिक साधारण सभाको सन्दर्भमा यस्ता अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

सो कार्यक्रममा उपस्थित सदस्यहरुले अटोमोवाइल क्षेत्रमा देखिएका विभिन्न समस्याहरुका सम्बन्धमा विभिन्न प्रश्न र जिज्ञाशाहरु राख्नु भएको थियो । सो कार्यक्रममा खाशगरी भन्सार विभाग र वाणिज्य विभागले जारी गरेको यम.आर.पीका विषयमा, भन्सार मूल्याङ्कनको समस्या, साफटा अन्तर्गत आएका अटोमोवाइल बस्तुहरु, झोले व्यापारीले पुऱ्याएको समस्या, मधेश प्रदेशमा विना प्यान नम्बर सञ्चालन ३००० पसलहरुको कारण अन्य व्यवसायीहरुलाई परिरहेको नकारात्मक अषर, भ्याटमा दर्ता भएर राख्नुपर्ने लेखा सम्बन्धी समस्याहरु, सदस्यहरुको हितका लागि भलाई कोषको व्यवस्था, व्यवसायमा चेक वाउन्सको व्यावहारिक समस्या, अटो मोइल्स व्यवसायीहरु इन्स्योरेन्समा आवद्ध नहुदाको समस्या र नाडाका प्रदशे एशोसिएशनहरुलाई साधारण सभा सम्पन्न गर्नका लागि पनि नाडाले आर्थिक स्रोतको व्यवस्था गरि दिनु पर्ने जस्ता विषयहरुमा विस्तृत छलफल भएको थियो ।

छलफलको अन्त्यमा नाडाका अध्यक्ष करण चौधरीले छलफलमा उठेका प्रश्नहरुको प्रत्यत्तु र समेत दिनुभएको थियो भने नाडाका केन्द्रिय कार्य समितिका सदस्य सुनिल रिजालले स्पेयर पार्टस र एम.आर.पीका सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा नाडाका महासचिव सरुेन्द्रकुमार उप्रेतीले नाडा प्रदेशहरुलाई कर, भन्सार र भिसिटियस सम्बन्धी प्रशिक्षण कार्यक्रम र सीप विकास सम्बन्धी तालिम कार्यक्रमको आयोजना गर्न आग्रह गर्दै त्यसका लागि नाडाले आवश्यक सहयोग गर्ने बताउनु भयो ।

सो अन्तरक्रिया कार्यक्रम नाडाका महासचिव सुरेन्द्र कुमार उप्रेतीले गर्नु भएको थियो भने कार्यक्रमको समापन हेटौडा अटोमोवाइल्स एशोसिएशनका अध्यक्ष ऋषि प्रसाद ढकालले गर्नु भएको थियो । सो कार्यक्रममा नाडाका तर्फबाट संस्थागत सदस्य कलु वहादुर क्षेत्री, केन्द्रिय कार्य समिति सदस्य मेघराज पौडेल, केन्द्रीय कार्य समिति आमन्त्रित सदस्यद्धय नारायण प्रसाद पौडेल र सागर सापकोटाको उपस्थिति रहेको थियो ।

त्यसैगरी हेटौडा अटोमोवाइल्स एशोसिएशनका निबर्तमान अध्यक्ष दामोदर अटल, बरिष्ठ उपाध्यक्ष धर्मराज धिमाल, उपाध्यक्ष जितेन्द्र तिवारी, महासचिव दिपेन्द कुमार उप्रेती, सचिव संञ्जयकुमार गुप्ता, कोषाध्यक्ष श्याम प्रसाद कडेल, कार्य समिति सदस्यद्धय उत्तम प्रसाद भण्डारी, सुजन उप्रेती, देवनारायण टुलाल, मनुालराज न्यौपाने, प्रकाश भट्टराई, क्षेत्रिय संयाजे क दिपेश खडगीको उपस्थिति रहेको थियो ।

त्यसगै गरी जानकी अटोमोवाइल्स एशोसिएशन अफ नेपालका प्रथम उपाध्यक्ष राहुल अग्रवाल समेतको उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रम सम्पन्न हुनुअघि हेटौडामा नाडाको इतिहासमा पहिलो पटक नाडा इण्टर प्रोभिन्स लभेल फ्रेण्डली व्याडमिण्टन प्रतियोगिता समेत सम्पन्न गरिएको थियो ।

कूल ८ टिमविच डवल्स व्याडमिन्टन प्रतियोगिता आयोजना गरिएकोमा चितवन अटोमोवाइल्स एशोसिएशनका पूर्व अध्यक्ष अमतृ जोशी र कार्य समिति सदस्य श्रीप्रसाद श्रेष्ठको जोडीले प्रतियोगिता जितेको थियो ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार